का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ जेठ २०८२,
सोमबार
9 June, 2025
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १२७ । पृष्ठ १०    Madhyanha National Daily    www.madhyanhadaily.com



# पूर्णबहादुरको दौडधुप

विगतमा शिक्षक आन्दोलनलाई सहमतिमा ल्याउन सफल कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले यसपटक गृहमन्त्री रमेश लेखकको राजीनामा माग्नेलाई विश्वासमा लिएर संसद्को गतिरोध अन्त्यको जस लिँदैछन् ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २५ जेठ ।

प्रतिनिधि सभाको बैठकको गतिरोध अन्त्यका निम्ति दलहरू सहमति नजिक छन् । सभामुख देवराज घिमिरेका अनुसार दुई सातापछि सदन सौहार्द हुने विश्वास बढेको छ । उनी भन्छन्, 'राजनीतिक दलहरू समस्याको समाधान गर्दै सदनको अवरोध हटाउने काममा जुटिराख्नुभएको छ । यसमा केही प्रगति भइरहेको मैले आभास पाएको छु' आइतबार प्रतिनिधि सभाको बैठकमा सभामुख घिमिरेले भने ।

भिजिट भिसाका नाममा विदेश जानेसँग अपारदर्शी रुपमा आर्थिक लेनदेन हुने गरेका विषय अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरिदिएको छ । यो विषय प्रतिनिधि सभामा जेठ १३ गतेदेखि उठेको हो ।

सुरुमा गृहमन्त्रीको राजीनामा मागेका विपक्षी दलहरू छानबिन समिति गठन त्यो पनि अख्तियारको अनुसन्धान सकिएपछि गठन गर्न सहमत भएका छन् । गृहमन्त्रीको राजीनामाबाट भविष्यमा छानबिन गरे हुने ठाउँमा पुग्नुका पछाडि नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काको महत्वपूर्ण भूमिका छ । माओवादी केन्द्र, रास्वपा लगायतसँग निरन्तर संवादमा रहेका खड्काले एमालेसँग समेत संवाद गरेर सहमतिको वातावरण बनाएका छन् ।

कांग्रेस उपसभापति पूर्णबहादुर खड्का संसद्मा एक सदस्यको रुपमा छन् । तर, उनको भूमिका संसद्मा आएका राजनीतिक समस्या समाधान गर्नेमा ज्यादा देखिन्छ । विगतमा शिक्षक आन्दोलनलाई सहमतिमा ल्याउन सफल खड्काले यसपटक गृहमन्त्रीको राजीनामा माग्नेलाई विश्वासमा लिएर गतिरोध अन्त्यको जस लिँदैछन् ।

खड्का अघिल्लो सरकारमा उपप्रधान तथा रक्षामन्त्री थिए । पटक-पटक मन्त्री भएका खड्का संसदीय राजनीतिका खेलाडीकै रुपमा चिनिन्छन् । कांग्रेसको भावी नेतृत्वको दावेदारको रुपमा समेत हेरिएका खड्काले अन्तरपार्टी राजनीतिमा समेत उत्तिकै समदुरीमा छन् । जसले संसद्मा प्रकट भएका समस्या समाधानमा एक पछि अर्को सफलतामा खड्काको पहलले काम गरिरहेको छ ।

यसपटकको संसदको गतिरोध अन्त्यमा समेत खड्काको मध्यमार्गी प्रस्तावले काम गरेको नेताहरू बताउँछन् ।

अख्तियारले अनुसन्धान गरिरहेको भिजिट भिसा प्रकरणमा अनुसन्धान सकाएपछि समग्रतामा अध्ययन गर्ने गरी छानबिन समिति बनाउने प्रस्ताव कांग्रेसको तर्फबाट खड्काले नै अगाडि सारेका हुन् ।

यो विषयमा प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी सहमत नजिक पुगेपनि रास्वपा सहमत हुन सकेको छैन् । सत्तापक्षले बनाउने भनेको समितिले २०६४ साल यता भिजिट भिसाको नाममा विदेश जानेसँग अपारदर्शी रुपमा आर्थिक लेनदेन भए/नभएको हेर्ने गरी कार्यक्षेत्र तोक्ने भनिएको छ । माओवादी र रास्वपाका नेताहरूसँग कांग्रेसका नेताहरू पटक पटक संवाद गरेका छन् ।

पछिल्लो मध्यमार्गी प्रस्तावमा अगाडि बढ्न प्रतिपक्षी दलहरू सहमत नजिक पुगेको नेपाली कांग्रेसका प्रमुख »» पृष्ठ २ मा

## बजेटमाथिको छलफल प्रभावित

संसद्को गतिरोध लम्बिँदा भने बजेटमाथिको छलफल भने प्रभावित भएको छ । सदनमा प्रस्तुत भएको १० दिन नाघिसक्दा पनि बजेटमाथिको छलफल प्रारम्भ हुन सकेको छैन ।

गृहमन्त्रीको विवादले संसद अवरुद्ध हुँदा बजेट पारित हुने प्रक्रिया मात्र नभई यही अधिवेशनबाट 'फास्ट ट्र्याक'मा अघि बढाउने भनिएका दर्जनौं महत्त्वपूर्ण विधेयकहरू पनि अलपत्र परेका छन् ।

नक्कली कागजातका आधारमा मोटो रकम लिदै सेटिङमा भिजिट भिसा मिलाएर विदेश पठाएको प्रकरणले संसदीय कामकारबाही प्रभावित भएको हो ।

७ जेठमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका निर्देशक तीर्थराज भट्टराईसहित ९ जना कर्मचारीलाई पक्राउ गरेयता मुलुकको कानून निर्माण गर्ने थलो प्रतिनिधिसभा निरन्तर अबरोध हुँदै आएको हो ।

उक्त प्रकरणमा गृहमन्त्री रमेश लेखक समेतको संलग्नता दाबी गर्दै थप अनुसन्धानकालागी राजीनामाको माग गर्दै विपक्षी दलका सांसदहरूले संसद चल्न दिएका छैनन् । १३ जेठबाट अबरोध संसद खुलाउने विषयमा सत्ता र प्रतिपक्षका दलहरूबीच पटक पटक संवाद भएपनि हाल सम्म ११ औं पटक प्रतिनिधि सभाको बैठक स्थगित गरिएको छ । आइतबार पनि बैठक सुरु गरेर कार्यसूचीमा प्रवेश नगर्दै स्थगन भएको हो । कानून निर्माणका लागी अघि बढ्नुपर्ने सदन यस्तै काण्डहरूमा »» पृष्ठ २ मा

# अख्तियारको अग्रसरता

जेठ महिनाको २५ दिनमा १८ वटा भ्रष्टाचारसँग सम्बन्धित मुद्दा विशेष अदालतमा दर्ता भएको छ । जसमा पूर्वधानमन्त्रीदेखि बहालवाला सांसद र नेपाल टेलिकमकी प्रबन्ध निर्देशकसमेत अभियुक्त रहेका छन् ।





**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ जेठ ।

पछिल्लो समय अख्तियारले विशेष अदालतमा मुद्दा लैजानेक्रम बढेको छ । पूर्वधानमन्त्री माधव कुमार नेपालविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता गरेपछि चर्चामा रहेको अख्तियारले आइतबार मात्रै आयोगले तीन वटा मुद्दा मुद्दा दायर गऱ्यो ।

एउटा- नेपाल टेलिकममा बिलिङ प्रणाली मर्मत सम्भारका नाममा भ्रष्टाचार भएकोसँग सम्बन्धित छ ।

दोस्रो- नेपाल आयल निगम लिमिटेड गण्डकी प्रादेशिक कार्यालय गगनगौंडा कास्कीका प्रादेशिक प्रमुख चित्तरञ्जन दाससमेत पाँच जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दर्ता भएको छ ।

तेस्रो- चितवनस्थित नेपाल नमूना माध्यमिक विद्यालय व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष तिलकराज शर्मा पौडेलसमेत ६ जनाविरुद्ध नपाएको ओहदा पाएको भनी अधिकार दुरुपयोग गरे भन्नेसँग सम्बन्धित छ ।

अख्तियारका अनुसार जेठ महिनाको २५ दिनमा १८ वटा भ्रष्टाचारसँग सम्बन्धित मुद्दा विशेष अदालतमा दर्ता भएको छ । जसमा पूर्वधानमन्त्रीदेखि बहालवाला सांसद र नेपाल टेलिकमकी प्रबन्ध निर्देशक समेत आरोपित रहेका छन् । जसबाट अर्बौ बिगो मागदाबी भएका छन् ।

गत बिहीबार आयोगले पतञ्जली जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्री एवं एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल विरुद्ध मुद्दा दायर गरेको थियो । जसमा ९३ जना प्रतिवादी छन् । पतञ्जली जग्गा प्रकरणमा तत्कालीन मन्त्रिपरिषद्का कानुनमन्त्री प्रेमबहादुर सिंह, स्वर्गीय भूमिसुधार मन्त्री डम्बर श्रेष्ठ, स्वर्गीय मुख्यसचिव माधव घिमिरे र सचिव छविराज पन्तविरुद्ध समेत मुद्दा दायर भएको छ ।

जेठ १ गते आयोगले पूर्वमन्त्री एवं नेपाली कांग्रेसका सांसद मोहन बहादुर बस्नेतविरुद्ध भ्रष्टाचार मुद्दा लगाएको थियो । उनलाई टेरामक्स प्रकरणमा मुद्दा दायर गरिएको हो ।

तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री बस्नेत, दूरसञ्चार प्राधिकरणका तत्कालीन अध्यक्ष दिगम्बर झासहित १६ जनालाई प्रतिवादी बनाउँदै मुद्दा दायर भएको छ । उनीहरुविरुद्ध ३ अर्ब २१ करोड ८३ लाख ७७ हजार बिगो माग दाबी छ ।

आइतबार विशेष अदालतमा दायर नेपाल टेलिकमकी प्रबन्ध निर्देशक »» पृष्ठ २ मा

# ओझेलमा मानव बेचबिखन नियन्त्रण विधेयक

संगठित अपराधको रूपमा विश्वभर फैलिएको मानव बेचबिखनबाट प्रभावित व्यक्तिको आत्मसम्मान, स्वतन्त्रता र मौलिक हकको संरक्षण गर्ने उद्देश्यले आएको विधेयक अढाइ महिनादेखि संसद्मै थन्किएको छ ।



"बेचबिखनको उच्च जोखिममा रहेका र बेचबिखन तथा ओसारपसारमा परेका पीडितको न्यायमा पहुँचको सुनिश्चितता गर्न विधेयक ल्याइएको हो ।"

■ **नवल किशोर साह सुडी**
**मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक**

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २५ जेठ ।

भिजिट भिसाको नाममा मानव तस्करी नै भएको भनेर डेढ सातासम्म प्रतिनिधिसभाको बैठक प्रभावित छ । प्रतिपक्षले सरकारको आलोचना गरिरहेको छ भने सत्तापक्षले मानव तस्करको प्रश्नबाट पन्छिने प्रयास गरिरहेको छ । तर संसद्मै भएको 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक' भने प्राथमिकतामा परेको छैन । मानव बेचबिखन नियन्त्रण विधेयक »» पृष्ठ २ मा

## विदेशमा बसेर अपराध गरे नेपाल ल्याएर सजाय

प्रस्तावित विधेयकअनुसार नेपालबाहिर बसेर मानव बेचबिखनमा संलग्न रहे पनि नेपालको कानुनअनुसार कारबाही हुनेछ । त्यस्ता व्यक्तिलाई नेपाल ल्याएर सजाय दिइनेछ ।

प्रचलित ऐनको दफा १ मा यो ऐन नेपालभर लागू हुने र नेपालबाहिर बसी नेपाली नागरिकविरुद्धको कसुर गरेको व्यक्तिको हकमा समेत लागू हुने भनिएको छ । »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# सबै श्रम गन्तव्य मुलुकमा विभागले पठायो १ हजार ४३ म्यानपावर कम्पनीको सूची

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ जेठ ।

वैदेशिक रोजगार विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले सिन्डिकेट अन्त्य गर्ने उद्देश्यअनुसार परराष्ट्र मन्त्रालयमार्फत श्रम सम्झौता भएका सबै श्रम गन्तव्य मुलुकमा दर्ता रहेका म्यानपावर कम्पनीको नामावलीसहितको सूची पठाएको बताएका छन् । आइतबार विभागमा सञ्चारकर्मीसँगको कुराकानीमा उनले जापानमा जिट्को अन्तर्गतका ५ सय २२ संस्था र अन्य मुलुकमा विभागमा दर्ता रहेका जिट्कोसहित सबै १ हजार ४३ कम्पनीको नामावली पठाएको बताए ।

महानिर्देशक भट्टराईले वैदेशिक रोजगारीमा सीमित म्यानपावरको सिन्डिकेट खडा हुने हल्ला निराधार रहेको बताउँदै दर्ता तथा नवीकरण भएका सबै म्यानपावर कम्पनीलाई श्रम सम्झौता भएका देशहरूमा कारोबार गर्न जानकारीसहित पठाएको बताए ।

उनले भने, 'वैदेशिक रोजगारीमा सीमित म्यानपावरहरूको सिन्डिकेट हल्ला निराधार हो । नेपाल सरकार कुनै पनि सिन्डिकेटको पूर्णरूपमा खारेजीको पक्षमा छ । म्यानपावर व्यवसायीहरूलाई बजारी हल्लाको पछि लाग्न आवश्यक छैन ।' महानिर्देशक भट्टराईले वैदेशिक रोजगारमा पठाउने भन्दै पछिल्ला दिनहरू अनधिकृत व्यक्ति वा संस्थाले करोडौं ठगी गरेका घटना सार्वजनिक भएकाले त्यो विषय समस्याको रूपमा देखा परेको बताउँदै आम सर्वसाधारणलाई नेपाल सरकारको मान्यता प्राप्त म्यानपावर कम्पनीहरूमार्फत मात्रै वैदेशिक रोजगारमा जानका लागि आग्रह गरे ।

उनले भने, 'अहिले वैदेशिक रोजगारका नाममा धेरै ठगिएका छन् । यसलाई निरुत्साहित गर्न नेपाल सरकारले मान्यता दिएको म्यानपावर कम्पनीबाट मात्रै विदेश जान जरुरी छ ।'

## वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षणको दायरा विस्तार

**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षणको दायरा बृहत् बनाएको छ । वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४६ बमोजिम गठित विशेषज्ञ समितिको जेठ २३ मा बसेको विशेषज्ञ समूहसहितको बैठकबाट भएको निर्णय र सोही दिनको मन्त्रीस्तरको निर्णायानुसार स्वास्थ्य परीक्षणको दायरा विस्तार गरिएको हो । वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने संस्था सूचीकरण, नवीकरण तथा »» पृष्ठ २ मा

**Urgently Wanted**

One of the leading Manpower Company in Kathmandu is seeking for following applicant.



**Public Relation Officer (PRO) 5 - Male/Female**

SALARY Negotiable

**Requirements:**
- Minimum 2/3 Years of Experienced in Manpower fields.
- Minimum +2 Passed.

BRIDGE SKY INTERNATIONAL PVT. LTD. श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोबाईल: ९८०१०३०५५५, ९८४(३२७६६२८ फोन नं. ४९५३३२१, ४९५४९७१. फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

**MAURITIUS र UAE मा वैदेशिक रोजगारीको अवसर**

कम्पनी: **KAMIL VELOCITY LTD** शहर: **MAURITIUS**
पूर्व स्वीकृत मिति: २०८२/०२/१४ चलानी नं.: ६०२३८६६५ **L.T. No.:324538** पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminium Fabricator | 10 | 0 | सम्बन्धित काममा दक्ष | 17110 | ५१,२९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician. | 15 | 0 | | 17110 | ५१,२९३ | | | | | | | |
| 3. | Mason. | 20 | 0 | | 17110 | ५१,२९३ | | | | | | | |
| 4. | Plumber. | 10 | 0 | | 17110 | ५१,२९३ | | | | | | | |

अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर इटहरी-१३, सुनसरीमा २०८२ असार २ गते (16 June 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ३ गते (17 June 2025) मा हुनेछ ।

कम्पनी: **DISCOVERY EMPLOYMENT L.L.C** शहर: **ABU DHABI**
पूर्व स्वीकृत मिति: २०८२/०१/२७ चलानी नं.: ६०२१९३०५ **L.T. No.:304502** पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Mason | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Construction Carpenter | 35 | 0 | | 1200 | ४४,६६४ | | | | | | | |
| 3. | Steel Fixer | 35 | 0 | | 1200 | ४४,६६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २ गते (16 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | Mauritius मा रु. १९,९०० UAE मा रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.** श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोबाईल : ९८०१०३०५५५ फोन नं. ४९५३३२१, ४९५४९७१, ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

मध्यान्ह
www.madhyanhadaily.com
२६ जेठ २०८२ सोमबार
9 June 2025, Monday

# कांग्रेसको नेतृत्वमा सरकार बन्छ, हामी सहभागी हुन्छौं : प्रधानमन्त्री

**काठमाडौं/मस**–प्रधानमन्त्री केपी शर्मा ओलीले १३ महिनापछि नेपाली कांग्रेसको नेतृत्वमा सरकार बन्ने र त्यसमा एमाले पनि सामेल हुने बताएका छन्।

अनेरास्ववियूको महाधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले भने, 'आज हामी सरकारको नेतृत्व गरिरहेका छौं, कुनैकुनै समय नेतृत्वमा हुँदैनौं।' प्रधानमन्त्री ओलीले १३ महिनापछि फेरि नेपाली कांग्रेसलाई नेतृत्व सुम्पिने बताउँदै त्यो सरकारमा एमाले पनि सहभागी हुने स्पष्ट पारे।



उनले भने, 'हामी नेतृत्व सुम्पिन्छौँ र सरकारमा सामेल रहन्छौँ।' एमालेको उद्देश्य मिसन ८४ रहेको प्रधानमन्त्री ओलीले बताए। 'यो कुनै अन्योलको अमूर्त कुरा होइन। मिसन ८४ भनेको नेकपा एमाले जस्तो राष्ट्रिय शक्तिलाई निर्णायक शक्ति बनाउनुपर्दछ,' उनले भने। प्रधानमन्त्री ओलीले एमालेको 'मिसन-०८४'को अभियानलाई लिएर नेपाली कांग्रेससँग खेलन खोजेको बताए। 'हाम्रा विरोधीहरूले, प्रतिक्रियावादी शक्तिहरूले, अनेक प्रकारका जालझेल गरेर सहकार्य गरिरहेको नेपाली कांग्रेसलाई मिसन-०८४ भनेर कांग्रेसलाई सिध्याउँछु भन्छ, बहुमत ल्याउँछु भन्या छ भनेर खेल्न खोजिराखेका छन्,' प्रधानमन्त्री ओलीले भने।

२०८४ को निर्वाचनमा एमाले मात्र नभई कांग्रेसले पनि बहुमत ल्याउँछु भन्ने गरेको उनले बताए। उनले भने, 'तर कांग्रेसले पनि बहुमत ल्याउँछु भन्छ हामीसँग सहकार्य गर्दागर्दै पनि। हामी पनि भन्छौं कांग्रेससँग सहकार्य गर्दागर्दै बहुमत ल्याउँछौं। कल्ले ल्याउँछ त्यो आफ्नो ठाउँमा होला।'

चुनावमा बहुमत ल्याउने दाबी हरेकले गर्ने प्रधानमन्त्री ओलीले बताए। 'यतिसम्मकी प्रचण्ड त उहाँ ०६४ सालको जस्तै लहर आइसक्यो भन्छन्। के सपना देखेका छन् भने...,' प्रधानमन्त्री ओलीले भने।

# नेपालमै पहिलोपटक लिंग परिवर्तनको सफल शल्यक्रिया

**काठमाडौं/मस**–त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्जमा नेपालमै पहिलोपटक सफलतापूर्वक लिंग परिवर्तनसम्बन्धी शल्यक्रिया भएको छ।

जनकपुरका निवासी २५ वर्षीया एक पारलैंगिक(ट्रान्सजेन्डर) व्यक्तिमा पुरुषको लिंगको तन्तुहरुलाई चाहिने मात्रामा उपयोग गरेर महिलाको जननेन्द्रिय अंगको पुनःनिर्माण गरिएको हो।

अस्पतालको प्लास्टिक सर्जरी विभागद्वारा यही जेठ १२ देखि १५ गतेसम्म पारलैंगिक समुदायका लागि आयोजित विभिन्न प्रकारका शल्यक्रियामा उक्त शल्यक्रिया पनि गरिएको हो। त्यस अवसरमा अनुहार तथा



स्तनको पनि शल्यक्रिया गरिएको थियो।

अस्पतालका प्रवक्ता तथा सह-प्राडा गोपाल सेढाइँले अब यो सेवा नेपालमै नियमित रूपमा उपलब्ध हुने भएकाले विदेश जानुपर्ने बाध्यता नहरेको बताए। उनले भने, 'लिंग परिवर्तन जस्तो संवेदनशील र जटिल शल्यक्रिया धेरै खर्चिलो हुने कारणले हाल नेपालमै यो सुविधा उपलब्ध भएपछि पारलैंगिक समुदायलाई धेरै राहत मिल्नेछ। यसले पारलैंगिक समुदायलाई आफ्नो लैङ्गिक पहिचानको पूर्ति गर्न एक महत्वपूर्ण उपाय हुनेछ।'

शल्यक्रियामा विदेशी प्लास्टिक सर्जन डा.एलिजा हामीडियन जाह्रोमीको नेतृत्व तथा विभागीय प्रमुख प्रा.डा.जयनमान श्रेष्ठको संयोजनमा सम्पूर्ण प्लास्टिक सर्जरी तथा एनेस्थेसिया टिमको सहभागिता रहेको थियो।

डा.जयनमान श्रेष्ठकाअनुसार अबदेखि त्रिवि शिक्षण अस्पतालमा 'जेन्डर अफर्मिङ यिक्लनिक'स्थापनासहित यस्ता सेवा नियमित रूपमा प्रदान गरिनेछ।

## पूर्णबहादुरको...

सचेतक श्यम घिमिरेले बताए। प्रतिपक्षको लचकतापछि एमालेका नेताहरूसँग संवाद गर्ने जिम्मा कांग्रेसका तर्फबाट उपसभापति पूर्णबहादुर खड्कालाई दिइएको थियो। यद्यपि, माओवादीले भने सहमति भइनसकेको तर, यो विषयमा छलफले निरन्तरता पाएको बताएको छ।

'छानविन समिति बनाउने भन्ने हाम्रो माग जारी नै छ यसमा छलफलमै छौं', नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले मध्यान्हसँग भने 'सोमबार २ बजे सम्म केही न केही निष्कर्ष निकाल्ने गरी निरन्तर छलफल भइरहेको छ। सत्ता पक्षपनि सदन चलाउने विषयमा लचक हुन्छ र भिजिट भिसा प्रकरणमा छानविन समिति बनाउन तयार हुन्छ भन्नेमा छौं।'

संसदीय छानविन वा उच्चस्तरिय छानविन समिति बनाउनुपर्ने विषयमा प्रतिपक्षी दल माओवादी र रास्वपाको मागका विषय सरकारको मुख्य नेतृत्वकर्ता नेकपा एमालेले सोमबार सम्म सबै दलबीच साझा सहमति बनाएर सदनको गतिरोध हटाउने दाबी गरेको छ।

## बजेटमाथिको...

अल्झिदा संसदीय समितिहरूमा छलफल सकेर सदनमा जानुपर्ने दर्जनबढी विधेयकहरू अलपत्र परेका छन्। त्यस्तै बजेटका विषयमा समेत छलफल हुन सकेको छैन्। प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सहित विपक्षीले आइतबारको बैठक सूरू गर्नासाथ उठेर विरोध गरे। त्यसपछि सत्तापक्षका सांसदले पनि उठेर जनताका कुरा राख्न नपाएको गुनासो गरेका थिए। गृहमन्त्री लेखकले आफ्नो सफाई सदनबाटै दिने भनेर पटक पटक तयारी गरेपनि सदनमा सौहार्दता नदेखिएपछि ३ दिन अघि पत्रकार सम्मेलन गरेर आफ्ना धारणासहित समस्याका विषयमा सार्वजनीक गरेका थिए।

यद्यपि उनको राजीनामाको विकल्प नहुने भन्दै आएका प्रतिपक्षी दलका शीर्ष नेताहरू सरकारपक्षसँग सहमति गरेर जानसकिने मध्यामार्गी बाटो अपनाउने लागेका छन्। १३ गते २ पटक सरेको बैठक १४ गते २ पटक अबरोध भएको थियो। विपक्षी दलहरूले १५ जेठमा बजेट ल्याउन अबरोध नगरेपनि त्यसपछि बसेको २० गतेको निर्धारित समयमा बैठक बस्न नसकेकर २१ गतेलाई सारिएको थियो। २१ गते एक पटक, २२ गते २ पटक, २३ गते १ पटक र आइतबार २ पटक सदन अबरोध भएका थियो। त्यसपछि आइतबार समेत २ पटकस स्थगन गरेर प्रमुख सचेतकहरूसँग गतिरोध अन्त्यकालागी छलफल गर्दा समेत प्रतिपक्षी दलहरू अडानबाट पछि नहटेपछि सोमबार २ बजे सम्मका लागी सदन स्थगित गरिएको संसद सचिवालयले जनाएको छ। १३ गतेदेखि नै संघीय संसद् सचिवालयले विशेष कारणले बैठक सरेको सूचना टाँस गर्दै आएको छ।

## अख्तियारको...

संगीता पहाडी अर्यालसहित १८ जनाविरूद्धको भ्रष्टाचार मुद्दा पनि उत्तिकै महत्वपुर्ण छ।

नेपाल टेलिकममा बिलिङ प्रणाली मर्मत सम्भारका नाममा भ्रष्टाचार भएको निष्कर्षसहित १८ जनाविरूद्ध ३३ करोड बिगो दाबीसहित विषेश अदालतमा मुद्दा दायर गरेको हो। आयोगले टेलिकमकी प्रबन्ध निर्देशक संगीता पहाडी अर्याल र पूर्व प्रबन्ध निर्देशक सुनिल पौडेलसहितलाई प्रतिवादी बनाएको छ।

टेलिकममा तत्कालीन प्रमुख प्राविधिक अधिकृत प्रतिभा वैद्य, प्रमुख वित्तिय अधिकृत राजेन्द्र श्रेष्ठ, प्रमुख सञ्चालन अधिकृत झविन्द्रलाल उपाध्याय, निर्देशक विनिता श्रेष्ठ, तत्कालीन निमित्त निर्देशक अमुल प्रधानविरुद्ध समेत मुद्दा दायर भएको छ। मुद्दा दायर हुने अन्यमा तत्कालीन प्रबन्धक देवेन्द्र खतिवडा, तत्कालीन उपप्रबन्धकहरू राजीवकुमार केसी, सन्तोषकुमार श्रेष्ठ, नवल चौधरी, मुक्तिप्रसाद अर्याल, हेमप्रभा रामप्रताप कर्ण र परमात्मा भट्टराई पनि छन।

नेपाल टेलिकममा बिलिङ प्रणाली पुरानो हुँदा फोन नलाग्ने, लागे पनि काटिने लगायतका समस्या भएपछि नयाँ प्रणाली जडान गर्नुपर्ने निर्णय भएको थियो। तर प्रबन्ध निर्देशकसहितको मिलेमतोमा पुरानै प्रणाली जडान गरेको एसिया इन्फो कम्पनीलाई मर्मत सम्भारको जिम्मोवारी दिएको अख्तियारको ठहर छ। यसमै अनियमितता भएको अख्तियारको निष्कर्ष छ।

अख्तियारबम अनुसार हरेक वर्ष ६५ करोड दिने भन्दै टेलिकमले मर्मतका लागि विना प्रतिस्पर्धा एसिया इन्फोलाई जिम्मा लगाइएको थियो। नयाँ प्रणाली जडानका लागि टेण्डर प्रक्रियासमेत अगाडि बढिसकेको अवस्थामा सुनील पौडेल प्रबन्ध निर्देशक बनेर आएपछि टेण्डर नै रोकिएको थियो।

पुरानै विलिङ प्रणाली मर्मतका नाममा टेलिकमको रकम चुहावट भएको र त्यसवाट ३३ करोड नोक्सानी भएको अख्तियारको दाबी छ।

## ओझेलमा...

अगाडि बढाउन न सत्तापक्षले पहल गऱ्यो न प्रतिपक्षले। यो विधेयक सभामा आएको अढाइ महिनादेखि संसद्मै अड्किएको छ भने सरकारले पनि अगाडि बढाउने पहल लिएको छैन।

यो विधेयक महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवल किशोर साह सुडीले ११ चैत २०८१ मा ल्याएका थिए। उनैले १८ चैत २०८१ मा प्रतिनिधिसभामा प्रस्तुत गरेका थिए। तर त्यसपछि भने विधेयक अगाडि बढ्न सकेको छैन।

प्रस्तावित विधेयकमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न कानुनी प्रावधान कडा गर्ने प्रावधानहरू छ। विधेयकमा मानिस किन्ने वा बेच्नेलाई २० वर्ष कैद र ५ लाख रुपैयाँ जरिवाना गर्न प्रस्ताव गरिएको छ।

प्रस्तावित विधेयकको दफा १० मा दण्ड सजायसम्बन्धी व्यवस्था छ। दफा १० को उपदफा १ मा मानिस किन्ने वा बेच्नेलाई २० वर्ष कैद र ५ लाख रुपैयाँ जरिवाना हुने भनिएको छ।

हाल कसैले यो कसुर गरेको खण्डमा २० वर्ष कैद र २ लाख रुपैयाँ जरिवाना हुने प्रावधान छ। यसलाई बढाएर जरिवाना रकम ५ लाख रुपैयाँ पुऱ्याउने प्रस्ताव गरिएको हो।

किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजानेलाई १० वर्षदेखि १५ वर्षसम्म कैद र ५० हजार रुपैयाँदेखि १ लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले बालबालिकालाई विदेश लगे १५ वर्षदेखि २० वर्षसम्म कैद र १ लाख रुपैयाँदेखि २ लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले नेपालभित्रै एक ठाउँबाट अर्को ठाउँमा बालबालिका लगे १० वर्षदेखि १२ वर्षसम्म कैद र १ लाख रुपैयाँ जरिवाना हुनेछ। मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरुत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई र कसुरको मतियारलाई कसुरदारलाई हुने सजायको आधा सजाय हुने प्रस्तावित व्यवस्था छ।

## विदेश...

यसलाई थप फराकिलो गर्दै प्रस्तावित विधेयकमा नेपाल बाहिर बसेर मानव बेचबिखनमा संलग्न रहे पनि कारबाहीमा पर्ने प्रावधान राखिएको छ।

संशोधित विधेयकमा भनिएको छ, 'यो ऐन नेपालभर लागू हुनेछ र नेपाल बाहिर बसी नेपाली नागरिकविरुद्ध यस ऐनबमोजिमको कसुर गर्ने जुनसुकै व्यक्ति वा नेपाल बाहिर बसी जुनसुकै व्यक्तिविरुद्ध यस ऐनबमोजिमको कसुर गर्ने नेपाली नागरिकको हकमा समेत लागू हुनेछ।'

संशोधन गर्नुपर्नाको कारणबारे भनिएको छ, 'नेपालभित्र वा नेपाल बाहिर बस्ने नेपाली नागरिकले अन्य कुनै व्यक्तिका विरुद्धमा एवं नेपाल बाहिर बसेका कुनै व्यक्तिले नेपाली नागरिक विरुद्ध यस ऐन बमोजिमको कसुर गरेमा सजाय हुनसक्ने व्यवस्था गर्नुपर्ने भएकाले।'

संगठित अपराधको रुपमा विश्वभर फैलिएको मानव बेचबिखनबाट प्रभावित व्यक्तिको आत्मसम्मान, स्वतन्त्रता र मौलिक हकको संरक्षण गर्न विधेयक ल्याइएको हो।

बेचबिखनको उच्च जोखिममा रहेका तथा बेचबिखन तथा ओसारपसारमा परेका पीडितको न्यायमा पहुँचको सुनिश्चितता गर्न विधेयक ल्याइएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुडीको भनाइ छ। स्वदेशमा वा विदेशमा मानव बेचबिखन तथा ओसारपसारको कसुरको आरोप लागेका व्यक्तिलाई कानुनको दायरामा ल्याउने तथा दण्ड सजायको दायरा फराकिलो बनाउने उद्देश्यले ऐन संशोधन गर्न लागिएको मन्त्री सुडीले विधेयकमै उल्लेख गरेका छन्।

उनका अनुसार मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि संघीय संरचनाबमोजिम तीनै तहमा संयन्त्र निर्माण गरी तीनै तहका सरकारलाई जिम्मेवार बनाउन लागिएको छ। पीडित तथा प्रभावितको उद्धार तथा पुनर्स्थापनासम्बन्धी कार्यलाई कानुनीरूपमा स्पष्ट गर्न खोजिएको छ। तर विधेयक भने संसद् पुगेर अड्किएको छ।

## वैदेशिक...

अनुगमनसम्बन्धी कार्यविधि, २०७२ को दफा ११छ र अनुसूची-१ मा व्यापक रूपमा परिवर्तन भएको छ। कार्यविधि मन्त्रालयले आफ्नो वेबसाइटमा राखेको छ।

नयाँ सूचीअनुसार श्रम गन्तव्य देश अनुसार र आवश्यकताअनुसार डाक्टरको सिफारिसका आधारमा मधुमेह मेलिटस, उच्च रक्तचाप, फुफ्फुसीय क्षयरोग, मुटु रोग, मिर्गौला रोग, श्वासप्रश्वास रोग, पेप्टिक अल्सर रोग, मिर्गी, क्यान्सर रोग तथा पेटको भिडियो एक्सरे परीक्षण गर्नुपर्नेछ।

सबै श्रम गन्तव्य देशहरूका लागि अनिवार्यरूपमा एचबी प्रतिशत, टीएलसी, डिएलसी प्लेटलेट्सलगायतका प्रयोगशाला परीक्षण गर्नुपर्नेछ।

क्षयरोगअन्तर्गत छातीको एक्स-रे, सीरम युरिया सीरम क्रिएटिनिन, सीरम इलेक्ट्रोलाइट्स, सोडियम, पोटासियमसहित कलेजो र थाइराइड पनि परीक्षण गर्नुपर्नेछ। प्रत्येक गन्तव्य देशहरूको विशिष्ट आवश्यकताअनुसार स्वास्थ्य परीक्षण गरिने कार्यविधिमा उल्लेख छ। शुल्कहरू नेपाल सरकारले तोकेको दरअनुसार लागू हुने बताइएको छ।

**३ मेडिकल खारेज**

श्रम मन्त्रालयले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने ३ मेडिकल संस्थाको अनुमति खारेज गरेको छ। मन्त्रालयले ललितपुरको नख्खुस्थित गोल्डेन गेट पोलिक्लिनिक एन्ड डाइबेटिज सेन्टर प्रा.लि., स्वयम्भुस्थित मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल र गोंगबुस्थित रोज इन्टरनेशनल मेडिकल सर्भिसेज प्रा.लि.को अनुमति खारेज गरेको हो।

मन्त्रालयले गोल्डेन गेट र मनमोहन मेमोरियल मेडिकलले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नरहेको तथा रोज इन्टरनेशनलले स्पष्टीकरण नै पेश नगरेको बताएको छ।

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४५क. को उपनियम (८) तथा वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७२ को दफा ४ को उपदफा (१) बमोजिम वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने संस्था मन्त्रालयमा सूचीकृत भइ नवीकरण हुनुपर्ने व्यवस्था छ।

सूचीकरण नवीकरण भएको मितिदेखि तेस्रो वर्षको पुस मसान्तसम्म नियमित र विशेष कारण परी सो समयभित्र नवीकरणको निवेदन दिन नसकेमा सोको कारण खुलाइ थप १५ दिनभित्र नवीकरणका लागि निवेदन दिनुपर्ने व्यवस्था छ। उक्त समयावधिभित्र नवीकरणका लागि निवेदन पेश नगर्ने मेडिकललाई मन्त्रालयको विशेषज्ञ समितिको सिफारिसबमोजिम स्पष्टीकरण माग गर्ने गरिन्छ। मन्त्रालयले सोअनुसार स्पष्टीकरण माग गरेकोमा २ संस्थाले पेस गरेको स्पष्टीकरण सन्तोषजनक नरहेको र १ संस्थाले स्पष्टीकरण पेस नै नगरेको हुँदा विशेषज्ञ समितिको सिफारिसका आधारमा ती संस्थाको सूचीकरण खारेज गरेको बताएको छ। खारेजीको निर्णय मन्त्रीले गर्ने व्यवस्था छ।

# आगलागी पीडितलाई आर्थिक सहयोग

**कैलाली/मस**–बाजुराको बुढीगंगा नगरपालिका-६ स्थित बाम्का बजारमा ग्यास सिलिन्डर पड्किएर भएको भीषण आगलागीका प्रभावितहरूलाई राहतस्वरूप सुदूरपश्चिम प्रदेश सरकार र बुढीनन्दा नगरपालिकाले आर्थिक सहयोग प्रदान गरेका छन्।

२३ जेठमा नवदुर्गा होटलमा आगलागी भएको थियो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आइतबार बसेको सुदूरपश्चिम प्रदेश विपद् जोखिम न्यूनीकरण तथा नियन्त्रण परिषद्को बैठकले बुढीगंगा नगरपालिकालाई आगलागी पीडितको राहत तथा पुनःस्थापनाका लागि प्रारम्भिक रूपमा ४० लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको हो।

प्रदेश सरकारका मुख्यमन्त्री कमलबहादुर शाहले प्रारम्भिक चरणमा राहतस्वरूप



४० लाख रुपैयाँ सहयोग गर्ने निर्णय भएको जानकारी दिँदै आगलागीबाट पीडित परिवार र व्यवसायीहरूलाई थप सहायता आवश्यक परेमा त्यसबारे थप निर्णय गरिने बताए। उनका अनुसार तत्काल राहतस्वरूप मौज्दातमा रहेका १५ वटा ठूलो टेन्ट, ३४ वटा कम्बल र ३४ वटा त्रिपालसमेत उपलब्ध गराइनेछ।

यसैबीच बुढीनन्दा नगरपालिकाले पनि मानवीय सहायताको रूपमा १ लाख रुपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ। बुढीनन्दाका मेयर जनक बोहराले उक्त रकम बुढीगंगाका मेयर रामबहादुर बानियाँमार्फत हस्तान्तरण गरेका थिए।

आगलागी पीडित स्थानीय व्यापारी र बासिन्दा अहिले कठिन परिस्थितिमा छन्। संघीय सरकारले अझै राहत उपलब्ध नगराएको उनीहरूको गुनासो छ।

# अमेरिकाबाट थप ३७ नेपाली डिपोर्ट

**काठमाडौं/मस**-अवैध रूपमा अमेरिका पुगेका थप ३७ नेपालीलाई डिपोर्ट गरिएको छ। उनीहरूलाई चार्टर्ड विमानमार्फत आइतबार नेपाल ल्याइएको छ।

अमेरिकाबाट ३२ जना पुरुष र ५ जना महिला नेपाल ल्याइएको त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयले जनाएको छ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले आप्रवासन नीति लागू गरेपछि अवैध रूपमा अमेरिका बस्दै





आएका नेपालीहरू निष्कासनमा पर्ने गरेका छन्।

यसअघि २०८१ फागुनमा अमेरिकाको टेक्सास राज्यबाट ९ जना नेपालीलाई अमेरिकाले डिपोर्ट गरेको थियो। आइतबार आएकाहरूसँगै ट्रम्पले शासन सम्हालेपछि अमेरिकाबाट डिपोर्ट हुने नेपालीको संख्या १ सय ६३ जना पुगेको छ।

# भारतमा प्रेमिकाको हत्या गरेको आरोपमा नेपाली युवक पक्राउ

**काठमाडौं/मस**–भारतको हैदराबादमा प्रेमिकाको हत्या गरेको आरोपमा एक जना नेपाली युवक पक्राउ परेका छन्। हैदराबादको बाचुपल्ली क्षेत्रमा ३० वर्षीय नेपाली नागरिक विल्सन नामक विजय टोप्पाले आफ्नी प्रेमिका ३३ वर्षीया तारा बोहराको हत्या गरेको आरोपमा पक्राउ परेका हुन्।

विजयले ताराको हत्या गरी ट्राभल ब्यागमा शव हालेर फालेको भेटिएपछि जुन ४ मा घटनाको खुलासा भएको हो। विजयसँग फेसबुकमार्फत चिनजान भएपछि तारा अप्रिल १५ मा हैदराबाद गएर उनीसँग बोवरमपेटस्थित एउटा कोठामा बस्दै आएको प्रहरीले जनाएको छ। विजय हैदराबादको एउटा रेस्टुरेन्टमा शेफका रूपमा कार्यरत थिए। तारा विवाहित र दुई छोराछोरीकी आमा थिइन्।





प्रहरीका अनुसार मे २३ मा उनीहरूबीच तारा गर्भवती भएको विषयमा भनाभन भएको थियो। विवादको क्रममा विजयले नाइलनको डोरो प्रयोग गरी उनको घाँटी कसेर हत्या गरेको भेटिएको प्रहरीले जनाएको छ। त्यसपछि शवलाई ट्राभल ब्यागमा हालेर सुनसान स्थानमा फालेको प्रहरीको भनाइ छ। घटनापछि साइबराबादका के. सुरेश कुमार, सत्यनारायण र रवि किरण रेड्डीलगायत फरेन्सिक विज्ञहरू घटनास्थल पुगेका थिए। अनुसन्धानका लागि ५ वटा विशेष टोली गठन गरिएको प्रहरीले जनाएको छ। सीसीटीभी फुटेज र प्रविधिको सहायताले विजयलाई मेडक जिल्लामा फेला पारिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार पक्राउपछि सोधपुछमा विजयले अपराध स्वीकार गरेका छन्। उनलाई हिरासतमा लिएर थप अनुसन्धान भइरहेको भारतीय प्रहरीले जनाएको छ।

# मलेसियाको पेनाङमा घुम्ती कन्सुलर सेवा

**पेनाङ/मस**– मलेसियास्थित नेपाली दूतावासले पेनाङ शहरमा घुम्ती कन्सुलर सेवा सुरु गरेको छ। शनिबार र आइतबार पुलाउ पेनाङस्थित सनसाइन स्क्वायर, लेभल ४, बैंक्वेट हलमा नेपाली कामदारको राहदानी नवीकरणलगायतका समस्या समाधान गरिएको छ। २ दिनमा ३ सय बढी नेपालीले सेवा लिएको बताइएको छ।

प्रवासी नेपाली समन्वय समिति (पिएनसीसी) मलेसियाको आर्थिक सहयोगमा सम्पन्न भएको घुम्ती कन्सुलर सेवा कार्यक्रममा मुख्यगरी राहदानी नवीकरण, कन्सुलर सिफारिसजस्ता आवश्यक कागजातहरू प्रदान गरिएको जनाइएको छ।

कार्यक्रममा नेपाली दूतावासका उपनियोग प्रमुख मुदिता बज्राचार्य, पिएनसीसी मलेसिया प्रमुख पूर्ण सुब्बा लिम्बू, कार्यकारी निर्देशक सोमप्रसाद लामिछाने, जन उद्धार केन्द्र मलेसियाका अध्यक्ष केसु थापालगायतको उपस्थिति रहेको थियो।

नेपाली दूतावासले मलेसियाका अन्य क्षेत्रहरूमा पनि आगामी दिनमा नेपाली कामदारको सहजताका लागि घुम्ती सेवा सञ्चालन गर्ने बताएको छ।

# विदेश पठाउने भन्दै ठग्ने ३ पक्राउ

**काठमाडौं/मस**– वैदेशिक रोजगारीमा पठाइदिने भन्दै ठगी गर्ने ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा हरिकृष्ण ठाकुर, रिना गुरौ र कविराज सिपखान छन्। उनीहरूमध्ये ठाकुरले कतार पठाउने भन्दै १ लाख, गुरौले कुवेत र पोर्चुगल पठाउने भन्दै १८ लाख ५५ हजार र सिखपानले युके पठाउने भन्दै ४१ लाख १४ हजार रुपैयाँ ठगी गरेको आरोप छ।

पक्राउ परेका तीनै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहचल पठाइएको प्रहरीले बताएको छ।

# ममाथिको आरोपको कानुनी उपचार हुन्छः अध्यक्ष नेपाल

**लेखनाथ सिकारु/मध्यान्ह**
काठमाडौं, २५ जेठ



नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले राजनीतिक दलका कार्यकर्ताहरुलाई झोले होइन समर्पित बनाउनुपर्ने धारणा राखेका छन् ।

आइतबार पार्टीको बागमती प्रदेश कमिटीको दोस्रो पूर्ण बैठकलाई सम्बोधन गर्दै पूर्व प्रधानमन्त्री समेत रहेका अध्यक्ष नेपालले राजनीतिक दलले कार्यकर्ताहरुलाई राष्ट्रप्रति र जनताप्रति समर्पित बनाउनुपर्नेमा जोड दिए ।

प्रधानमन्त्री समेत रहेका केपी शर्मा ओलीले आफ्ना कार्यकर्तालाई 'झोले' बनाएको आरोप लगाउँदै उनले ओलीलाई आफ्नो कार्यकर्तालाई पार्टीप्रति समर्पित बनाउन तर झोले नबनाउन सुझाए । ' वर्तमान सरकारका तौरतरिकालाई हेर्दा दिक्क लागिरहेको छ, त्यसैले सरकारलाई बेलाबेलामा सुझाव दिइरहेको छौं, सरकार गलत बाटो नहिँडोस्, गलत दृष्टिकोण त्यागोस्, आग्रह पूर्वाग्रह नलियोस्, देश र जनताको कल्याणको निम्ति इमान्दारिताका साथ लागोस्, आफ्नो कार्यकर्तालाई समर्पित बनाउनुहोस्,झोले नबनाउनुहोस्'उनले भने ।

त्यस्तै उनले शक्तिशाली सरकार भएर पनि देश र जनताके पक्षमा राम्रा काम गर्न नसकेको बताए ।

उनले भने,'सरकारले आफ्नो देशलाई राम्रो बनाउने कुरामा खोइ ध्यान दिएको ? जबकी यो भन्दा शक्तिशाली सरकार सम्भवत् अर्को बन्न सक्दैन् । संख्याको हिसाबले, पार्टीको हिसाबले पनि अत्यन्तै ठूलो रहेको सरकार अहिले देशमा हुँदा त्यसले पनि केही गर्न सकेन भने विकासको बारेमा प्रश्न उठाउनु स्वभाविक हो । जनतामा भएको निराशाको फाइदा उठाउन खोज्नु पनि स्वभाविक हुन्छ ।'

त्यस्तै उनले प्रतिस्पर्धाको राजनीतिमा आफूहरु लागिरहेको भन्दै प्रतिस्पर्धाबाट कुनै पनि हालतमा पछि नहट्ने दाबी गरे ।

अर्को प्रसंगमा उनले भने'अख्तियार अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ । अनुसन्धान हुँदै जाला । मैले अनुसन्धान हुनुहुँदैन भनेको छैन । म सुशासनको पक्षपाती हुँ । तर, मैमाथि यो किसिमको आरोप लागेको छ । यसको कानूनी उपचार हुन्छ । हाम्रा कानूनका जानकार साथीहरुले हजार पृष्ठको दस्तावेजहरु अनुसन्धान गर्दै हुनु हुन्छ ।'

उनले थपे'वर्तमान सरकार बदलाको भावनाबाट सञ्चालित छ । हामीले भनेका छौं सरकार यो वा त्यो बहानामा बदला लिने उद्देश्यले सञ्चालित नहोस् । हामीले सरकारले गलत बाटो त्यागोस् । हामीले भ्रष्टाचारकोविरुद्धमा र सुशासनको पक्षमा वकालत गर्दै आएका छौं । सरकारलाई हामी खबरदारी समेत गर्दै आइरहेका छौं ।' बागमती प्रदेश कमिटी अध्यक्ष भीम दहालको अध्यक्षतामा बैठक बसेको थियो ।

# बाढीको जोखिम टार्न समयमै तटबन्ध निर्माण गरिने मन्त्री खड्काको प्रतिबद्धता



**झापा/मस–** ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्काले झापाको कनकाई नदीमा निर्माणाधीन तटबन्ध कार्यमा कुनै पनि ढिलाइ नगर्न निर्देशन दिएका छन् ।

उनले तटबन्ध पुनर्निर्माण स्थलको निरीक्षण गर्दै समयमै काम सम्पन्न नभए कम्तीमा १०५ घरधुरी पूर्ण रूपमा विस्थापित हुने गम्भीर जोखिम रहेको औंल्याए । गत वर्ष असोज १०, ११ र १२ गतेको अविरल वर्षाले कनकाई नदीमा आएको बाढीका कारण हुलाकी राजमार्ग नजिक करिब ७ सय मिटर क्षेत्रको तटबन्धमा गम्भीर क्षति पुगेको थियो । सो क्षेत्रको पुनर्निर्माण अझै नपुगेकाले बस्ती, खेती, पशुधन र सम्पूर्ण जीविकोपार्जनमा प्रतिकूल असर पर्ने खतरा देखिएको छ ।

'ठेक्का प्रक्रिया होस् वा विपद् व्यवस्थापन बजेट – जुनसुकै उपाय अपनाएर भए पनि तटबन्ध पुनर्निर्माण कार्य समयमै सम्पन्न हुनुपर्छ,' मन्त्री खड्काले भने । उनले तटबन्ध निर्माणमा बजेट अभाव हुन नदिने प्रतिबद्धता पनि व्यक्त गरे । विपद् पुनर्निर्माण योजनाअन्तर्गत अघि बढाइएको तटबन्ध निर्माण कार्यको स्थलगत प्रगति विवरण दिँदै ' जनताको तटबन्ध कार्यक्रम गैंडे, झापा' का प्रमुख इञ्जिनियर विजयकुमार रेग्मीले १२ महिनाको लक्ष्यसहित सुरु गरिएको योजनाको पहिलो दुई महिनामै ६० प्रतिशत कार्य सम्पन्न भइसकेको जानकारी दिए । विद्युत् सेवा चुस्त बनाउन निर्देशन यात्राक्रमकै क्रममा मन्त्री खड्काले नेपाल विद्युत् प्राधिकरण विर्तामोड वितरण केन्द्रको अनुगमन गर्दै सेवा प्रवाहमा कुनै पनि प्रकारको लापरवाही नगर्न निर्देशन दिए । 'जनतालाई अबरोधविहीन विद्युत् सेवा उपलब्ध गराउनु हाम्रो प्रमुख दायित्व हो,' मन्त्री खड्काले भने, 'लाइफ लस र सप्लाई लस दुबैको सम्भावना शून्य हुने गरी प्रणाली विकास गर्न आवश्यक छ ।' उनले डेडिकेटेड र ट्रंक लाइनसम्बन्धी बक्यौता असुलीमा कडाइ गर्न, नियमित बिल तिर्ने उपभोक्तालाई प्रोत्साहन गर्न तथा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था गर्न सकिने संकेत गरे ।

यस्तै मन्त्री खड्काले सेवा प्रवाहमा पारदर्शिता र कार्यकुशलता कायम राख्न सरुवा र बढुवामा सिफारिश र भनसुनको प्रवृत्तिमा पूर्ण रोक लगाउने नीतिगत धारणा पुनः दोहोऱ्याएका छन् ।

# कर्णाली स्वास्थ्य प्रतिष्ठानले दरबन्दीबाहिरका पदमा विज्ञापन गरेको आरोप

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २५ जेठ



कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लाका कर्मचारीहरूले रजिष्टार नृपेन्द्र बहादुर महतविरुद्ध पत्रकार सम्मेलन गर्दै संस्थाभित्र भइरहेको अनियमितता र मनोमानीविरुद्ध गम्भीर आरोप लगाएका छन् । कर्मचारीहरूले महतले दरबन्दी किताबमा नरहेका पदहरूको विज्ञापन गरी संस्थालाई धरासायी बनाउने प्रयास गरेको आरोप लगाएका छन् ।

पत्रकार सम्मेलनमा उनीहरूले जेठ २३ गते प्रतिष्ठानको वेबसाइटमा प्रकाशित विज्ञापनप्रति आपत्ति जनाउँदै सो विज्ञापन कार्यकारी परिषद्को स्वीकृति बिना रजिष्टार महतको एकल निर्णयमा गरिएको दाबी गरे । प्रकाशित विज्ञापनमा दरबन्दी किताबमा नरहेका पदहरू समेटिएको र यो नियोजित तरिकाले आफ्ना आसेपासेहरूलाई नियुक्त गर्न गरिएको आरोप लगाइएको छ । कर्मचारीहरूले जारी गरेको ध्यानाकर्षण पत्रमा भनिएको छ, 'प्रतिष्ठान ऐन, २०६९ को दफा ४३ अनुसार नेपाल सरकारलाई आर्थिक भार पर्ने विषयमा नियम बनाउँदा सरकारको स्वीकृति अनिवार्य छ । तर, उक्त व्यवस्थाको अवहेलना गर्दै रजिष्टार महतले मनोमानी ढंगले विज्ञापन प्रकाशन गरेका छन् ।'बरिष्ठ प्रशासकीय अधिकृत दण्ड बहादुर शाहीले विज्ञापन प्रक्रिया नियमविपरीत भएको बताउँदै रजिष्टारले सात दिनको छोटो अवधि राखेर विज्ञापन गरेको बताए । नियमावलीअनुसार न्यूनतम २१ दिनको अवधि दिनुपर्ने व्यवस्था छ ।

कर्मचारीहरूले चेतावनी दिँदै भनेका छन्, 'यदि ४८ घण्टाभित्र विज्ञापन खारेज गरी दरबन्दी बाहिर नियुक्त गरिएका कर्मचारी हटाइएन भने हामी सोमबारदेखि आपतकालीन सेवा बाहेक सम्पूर्ण सेवा बन्द गर्नेछौं ।'

उक्त विज्ञापन प्रकाशन हुनु केही दिनमै रजिष्टार महतको पदावधि सकिँदैछ, जुन बेला यस्तो विज्ञापन प्रकाशन गरिनु स्वयंमा शंकास्पद रहेको कर्मचारीहरूको ठहर छ । कर्मचारी युनियन र कर्मचारी कल्याणकारी समाजले पनि संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै विज्ञापन खारेजी र संस्थाको मर्यादा जोगाउन आह्वान गरेका छन् ।

# 'एट द टिपिङ पोइन्टः आर्ट एण्ड इकोलोजी फ्रम द रुफटप अफ द वर्ल्ड' सुरु

**काठमाडौं/मस–** काठमाडौंस्थित तारागाउँ नेक्सट परिसरमा 'एट द टिपिङ पोइन्टः आर्ट एण्ड इकोलोजी फ्रम द रूफटप अफ द वर्ल्ड' नामक प्रदर्शनी सुरू भएको छ । बिहीबार उद्घाटन गरिएको प्रदर्शनी शुक्रबारबाट सर्वसाधारणको अवलोकनका लागि खुल्ला गरिएको छ । कला र वातावरणीय चेतनको संगमका रुपमा प्रस्तुत गरिएको यो प्रदर्शन सगरमाथा नेक्स्टले गरेको हो । सर्राफ फाउण्डेसनको सहकार्यमा आयोजना गरिएको प्रदर्शनीको ख्यातिप्राप्त भारतीय कला इतिहासकार डा.अर्शिया लोखान्डवालाले संयोजन गरेकी हुन् ।

उनले विश्वव्यापी पारिस्थितिको आवश्यकतालाई मध्येनजर गर्दै प्रदर्शनी आयोजना गरिएको जानकारी दिइन् । उनका अनुसार प्रदर्शनीमा प्रकृतिमा परेको प्रभावलाई विभिन्न माध्यमबाट चित्रित गरिएको छ । तीन महिनासम्म चल्ने प्रदर्शनीमा श्रष्टाले विभिन्न माध्यमबाट आफ्नो कला यस प्रदर्शनीमा व्यक्त गर्नेछन् ।

प्रदर्शनीमा कलाकार सलिल सुवेदीको टोलीले 'अर्थ इमर्जेन्स' नामक विशेष लाइभ प्रस्तुति दिएका थिए । शरिरमा रातो माटो पोतेर भुमिसँग साक्षात्कार गरिएको प्रदर्शनीले मानव र माटोको सम्बन्धलाई उजागर गर्छ । उनको प्रदर्शनी उत्तर-उपनिवेशवादी चिन्तक गायत्री चक्रवर्ती स्पिवाकको 'प्लानेटरिटी' विचारमा आधारित छ ।

विश्व औसतभन्दा झण्डै दोब्बर गतिको तापक्रम वृद्धिको सामना गरिरहेको हिमालय क्षेत्रको यथार्थमाथि केन्द्रित यो प्रदर्शनीले जलवायु परिवर्तन, सांस्कृतिक चेतना, स्वदेशी ज्ञान र वैज्ञानिक दृष्टिकोणलाई समेट्दै समकालीन कलाको माध्यमबाट पृथ्वीप्रतिको सम्बन्ध पुनः परिभाषित गराउने उद्देश्य राखेको छ । १२ जना अन्तर्राष्ट्रिय तथा नेपाली कलाकारहरूले यस प्रदर्शनीमा आ-आफ्ना विशिष्ट सिर्जनामार्फत वातावरणीय संकटमाथि विविध दृष्टिकोण प्रस्तुत गर्नेछन् ।




## सूचना, सूचना, सूचना

यस बिराट हेल्थ फुड प्रोडक्ट्स प्रा.लि. ले गर्भवती र सुत्केरी महिला, बालबालिका, किशोरीहरु आदिका लागि स्वचालित मेशिनबाट उत्पादन भएको पोषणयुक्त तयारी पौस्टिक आहार (READY TO EAT NUTRITION FOOD) आ.ब. २०८१/०८२ को असार मसान्त सम्मको लागि मूल्य तपसिल बमोजिम गरिएको व्यहोरा जानकारी गराईन्छ ।

| विवरण (तयारी पौस्टिक आहार) | प्रति के.जी मूल्य MRP (रुपैयाँ) | छुट | डिस्काउन्ट मूल्य | कैफियत |
|---|---|---|---|---|
| गर्भवती तथा सुत्केरी महिला हरुको लागि | ५००/- | १५% | ४२५/- | मु.अ. कर सहित |
| बाल बालिका हरुको पौस्टिक आहार (उमेर समुह ६ महिना देखि २४ महिना) | ५००/- | १५% | ४२५/- | मु.अ. कर सहित |
| बाल बालिका हरुको पौस्टिक आहार (उमेर समुह २५ महिना देखि ५९ महिना) | ५००/- | १५% | ४२५/- | मु.अ. कर सहित |

**बिराट हेल्थ फुड प्रोडक्ट्स प्रा.लि.**
**बिराटनगर -४,मोरंग**

## JORDAN मा रोजगार

कम्पनी: Al Muthana company for recruitment and employment of house workers शहर: JORDAN
पूर्व स्वीकृत मिति: २०८२/०२/२५ चलानी नं.: ६०२३९२६५ LT. No.: 325196

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/Housemaid | 0 | 50 | स. काममा दक्ष | 300 | ४१,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २ गते (16 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MOUNTAIN GROUP INTERNATIONAL PVT.LTD.**
श्रम इजाजत नं. ९९४/०६८/०६९
Tokha-7, Basundhara Chauwki, Kathmandu, Nepal, Ph No: 01- 4987494,4983983
Mob No: 9851211188, 9802068888, Fax: 01-4987495

## साउदीमा रोजगार

कम्पनी : RAAD PLUS CONTRACTING COMPANY शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८२/०२/२१ चलानी नं.: ६०२३९२७३ LT. No.:325161

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labors | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Drilling Worker | 2 | 0 | | 1000 | ३६,४५० | | | | | | | |
| 3. | Pickup Truck Driver | 3 | 0 | | 1800 | ६५,६१० | | | | | | | |

कम्पनी : SAFWAH AL-AAMAL CONTRACTING COMPANY शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८२/०२/२१ चलानी नं.: ६०२३९२७२ LT. No.:325160

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Housekeeping Labour In Hotel | 7 | 0 | | 1000 | ३६,४५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २ गते (16 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**A.S. INTERNATIONAL GROUP PVT. LTD**
Gov. Lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu Nepal,Tel: 01-5900381/5901381, Mobile: 9802379882, 9802379883, 9802379884,9801082460, 9801082461, 9801082462 Email: asintldemand@gmail.com.

## काठ/दाउरा वोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०२/२६**

डडेल्धुरा जिल्ला परशुराम नगरपालिका-६ सिमलखेतस्थित देवीधुरा महिला सा.व.उ.स. को वन क्षेत्रबाट उत्पादन भई घाटगद्दीमा राखिएको साल जातको गोलिया थान ५२२ को परिमाण ३७९८.३१ क्यू.फिट, असना जातको गोलिया थान ५० को परिमाण ४७६.६५ क्यू.फिट, कर्मा जातको गोलिया थान २१ को परिमाण ३३५.६९ क्यू.फिट, जामुन जातको गोलिया थान १७ को परिमाण १४३.१९, अन्य बिभिन्न जातको गोलिया थान १६ को परिमाण १६०.४५ क्यु.फिट गोलिया काठ, साल जातको दाउरा चट्टा ८.८५ र मिश्रित दाउरा चट्टा ४०.०५ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्धारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागी सम्बन्धित सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

## दावी विरोध सम्बन्धी
## वैदेशिक रोजगार विभाग, काठमाडौंको
## सूचना

**प्रकाशित मितिः २०८२/०२/२६**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था TITANIC MANPOWER SUPPLIER PVT. LTD. (इ.प.नं. २८५/०५८/५९) को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/०२/२२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम र शेयर संख्या | अब कायम हुने शेयरधनीको नाम र शेयर संख्या |
|---|---|
| १. सुरेन्द्र के.सी. - ०१ देखि ३६०० सम्म<br>२. रामकृष्ण बि.सी. ३६०१ देखि ८१०० सम्म<br>३. रामशरण पुरी - ८१०१ देखि १८००० र सम्म र ३०००१ देखि ७०००० सम्म<br>४. भिमराज कुँवर - १८००१ देखि २४९०० सम्म<br>५. ओम गिरी - २४९०१ देखि ३०००० सम्म | १. ओम गिरी - ०१ देखि ३६०० सम्म र १७१०१ देखि ३०००० सम्म<br>२. रामकृष्ण बि.सी. - ३६०१ देखि ८१०० सम्म<br>३. रामशरण पुरी - ८१०१ देखि १७१०० सम्म र ३०००१ देखि ७०००० सम्म |

## काठ/दाउरा लिलाम बिक्री सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/२/२६ गते**

यस सा.व.उ.स. को वन क्षेत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको साल दाउरा एक दशमलब पाँच चट्ट परिमाण क्यू.फिट दाउरा काठ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री देउराली सामुदायिक वन उपभोक्ता समूह**
**चौ.न.पा-०३, उदयपुर**

## काठ/दाउरा लिलाम बिक्री वितरण २१ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/२/२६ गते**

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा नं. ११ मा रहेको यस सा.व.उ.स. को वन क्षेत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको साल ७० थान गोलिया ७६१.० क्युफिट, अस्ना ४४ थान गोलिया ६३७.०१ क्यु. फिट, जम्मा ११४ गोलिया १३९८.०१ क्यु फिट काठ र सालको दाउरा २.५ चट्टा, अस्नाको दाउरा १.५ चट्टा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री त्रिशक्ति सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी नगरपालिका वडा नं. ११, कैलाली**

नेपाल सरकार
## स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
## भक्तपुर क्यान्सर अस्पताल
भक्तपुर

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/०२/२६**

यस अस्पतालको मिति २०८१/११/१३ गतेको गोरखापत्र दैनिकमा प्रकाशित ठेक्का नं BCH/GOODS/NCB/080/81/07.को सूचनाअनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही तपशील बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का नं. | कार्य विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु. अ. कर सहित) |
|---|---|---|---|---|
| 1 | BCH/GOODS/NCB/081/82/07 | Procurement of Radiotherapy Patient Table | R.B. Merchant Pvt. Ltd., Kathmandu | NPR. 34,75,000.00 |

## Chandranagar Rural Municipality
## Office Rural Municipal Executive
Chandranagar, Sarlahi
Madesh Pradesh

## Notice of Intention to Award Contract

**Date of Publication : 2082/02/26**

| SN | Name of project & Contract ID | Name and Address of Successful Bidders | Accepted Bid Amount including VAT(NRs.) |
|---|---|---|---|
| 1 | Poshan ko lagi Sohajan (Moringa) Karyakaram CRM/NCB/02/2081/082 | Laxmi Agro Traders, Kageshwori, Manohara-9 | 87,88,888.01 In Words ( Eighty Seven Laks Eight eight Thousand Eight hundred Eighty eight rupees & one paisa only) |

मध्यान्ह
www.madhyanhadaily.com
२६ जेठ २०८२ सोमबार
9 June 2025, Monday

## सम्पादकीय

### जनताको संकटमा रमिते सरकार !

बाजुराको बुढीगंगा नगरपालिका–६, बम्का बजारमा शुक्रबार भीषण आगलागी भयो । एउटा घरबाट सुरू आगो सिंगो बजारभर फैलियो । स्थानीय अधिकारीहरूका अनुसार ४० भन्दा बढी घरपसल जलेर नष्ट भयो । धन्न दिउँसो आगलागी भएकाले मानवीय क्षति भने हुन पाएन । तर ज्यान जागाएकाहरूले पनि बजारमा फैलिरहेको आगलागीमा रमिते बनिरहे । स्थानीय अधिकारीहरू आगलागी बढिरहेको सूचना दिन्थे, तर समस्या समाधानको पहलमा उनीहरू पनि निरीह थिए । किनकि आगो नियन्त्रण गर्ने दमकल बजारमा एउटा पनि थिएन । भुईंका माटो र ट्याङ्करका पानीले आगलागी नियन्त्रण प्रभावकारी बनिरहेको थिएन । त्यसैले आगो बढिरह्यो, एक हिसाबले रमिता चलिरह्यो । बम्का बजार, बाजुराका सरकारी अधिकारी मात्र नभएर सिंगो देश नै त्यो आगलागीका रमिते बने ।

बम्का बजारको त्यो दृष्य सिंगो देशको प्रतिनिधि संकट थियो । खोटाङको हलेसी, पाँचथरको फिदिम, ताप्लेजुङ लगायत बजारमा बम्काकै जस्तो अवस्था हामीले देखिसकेका छौं । नामै उल्लेख गर्दै जाने हो भने थुप्रै पेज आगलागीमा निरीह बन्नु परेको विवरणले भरिन्छ । किनकि स्थानीय सरकारहरूसँग आगलागी जस्ता प्रकोपबाट बच्न  दमकल नै छैन । जबकि केन्द्रीकरण र शहरीकरण बढ्दो छ । शहरीकरणसँगै विजुलीको पहुँज र विद्युत्तीय उपकरणको प्रयोग बढ्दा आगलागीको जोखिम पनि बढिरहेकै छ । तर स्थानीय सरकारहरूको प्राथमिकतामा दमकल छैन, दमकल किन्ने पैसा छैन । खासमा दमकल किन्ने चासो र चिन्ता जनप्रतिनिधिहरूसँग छैन ।

स्थानीय सरकारसँग मात्र नभएर प्रदेश र संघसँग पनि आगलागीको प्रकोपबाट जोगिन आवश्यक दमकलको जोहोतर्फ ध्यान देखिदैन । बरू ठूल्ठूला टावर, पार्क र स्तम्भ निर्माणलाई संघीय सरकारले नै प्रोत्साहित गरेको देखिन्छ । संभवतः अहिले कुनै त्यस्तो पालिका छैन, जहाँ एउटा टावर, केही पार्क र नेताका नाममा स्तम्भ नबनेका होस् । जबकि पहाड आफैमा टावर हो । सगरमाथा भन्दा अग्लो टावर बनाएर संसारमा प्रसिद्धि कमाउने र आर्थिक उपार्जन गर्न सम्भव पनि छैन । त्यसैले टावर निर्माणको बाटो सही होइन । सही बाटो त मानवीय विकासमा लगानी नै हो । प्रकोपजन्य घटनाको न्यूनीकरणका निम्ति आवश्यक भौतिक पूर्वाधार र उपकरणको जोहो नै हो । र बिर्सन मिल्दैन– नागरिकको सम्पत्ति जलिरहँदा रमिता हेरेर बस्ने सरकार भर्त्सनालायक पनि होइन ।

# एमालेमा विचार र चिन्तनको खडेरी !

*नेकपा स्थापना कालदेखि नै जनगणतन्त्र पक्षधर रहेको थियो । तर, त्यसका लागि सुरुमा राणा शासन अनि निर्दलीय निरंकुश पञ्चायती शासनहरू ठूला अवरोधका रूपमा थिए...*

अग्रलेख



● प्रा. डा. बद्रीविशाल पोखरेल




गणतन्त्र दिवसका अवसरमा नेपाल सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको मन्तव्य सटिक र मर्मस्पर्शी थियो । जसलाई सुन्ने र पढ्नेले महत्वपूर्ण सारयुक्त सन्देश पाए । ओलीको उक्त मन्तव्यमा गणतन्त्र नेपाली जनताले आर्जन गरेको उपलब्धि हो भन्ने थियो । शब्द प्रयोग गर्ने कुरामा कतिसम्म ख्याल गर्नुपर्छ भन्ने उहाँका अनेक अभिव्यक्तिबाट अवगत हुन्छ । तर, यही अवसरमा कोसी प्रदेश सरकार र पार्टीबाट सतही कार्यक्रमहरू गरिएको थाहा भयो । गणतन्त्र विषयका महत्वपूर्ण विचार र चिन्तनमूलक कार्यक्रम खास भएको पाइएन । प्रभात फेरि, रक्तदान, चियापान, फलफूल वितरण, दीप प्रज्वलन, शुभ कामना आदानप्रदान, सम्मान, पुरस्कार वितरणजस्ता कार्यक्रमहरू गरिए । ती कार्यक्रम गर्दा पनि सारसंक्षेपमा गणतान्त्रिक तथा अग्रगामी चेत चिन्तनसम्बन्धी सूक्ति, उक्ति, श्लोक र गीत उल्लेख गर्दा र गाउँदा हुन्थ्यो । नेपाली कांग्रेस सुनसरी जिल्लाको क्षेत्र नं २ ले भने भीष्मराज आङ्दम्बेको प्रमुख आतिथ्यमा विचार गोष्ठी सम्पन्न गरेको थाहा पाइयो ।

सामन्तवादले वा राजतन्त्रले हरेक घरायसी र सार्वजनिक कार्यक्रममा आफ्नो वर्गीय अपसंस्कृतिका विचार कुनै न कुनै मात्रमा प्रस्तुत गर्छ । कुनै जिल्लामा यस अवसरमा समृद्धि चित्र निर्माण कार्यशाला गरिएको पनि समाचारमा प्रकाशित भएको देखियो । उक्त कार्यक्रममा पनि प्रगतिशील कला साहित्य र संस्कृतिका अझ 'जबज'अनुसारको प्रतिस्पर्धी प्रगतिवादी चिन्तन अभिव्यक्त गर्दा सुनमा सुगन्ध हुन्थ्यो । उपयुक्त यस्ता कार्यक्रममा प्रदेश स्तरमा उपल्ला तहका नेता मुख्य मन्त्री, मन्त्री, पार्टी अध्यक्ष र उपाध्यक्ष लगायतको प्रमुख आतिथ्य रहेको पनि समाचारमा पढियो ।

तर, गणतन्त्र केन्द्रित वैचारिक सैद्धान्तिक तथा व्यावहारिक विषय उजागर गर्ने चेतनामूलक कार्यक्रम गरिएन । सतही काममा मात्र रमाउने परिपाटी विकसित भएको हुँदा सबैतिर यस्तै भएको हुनसक्ने स्पष्ट अनुमान गर्न सकिन्छ । बारबार प्रवाह गरेको प्रगतिशील विचारले नै अग्रगामी संस्कृति र संस्कार निर्माण हुन्छ । गोयबल्सले भनेझैं असत्य पनि हजार बार उल्लेख गर्दा जनमानसमा यसले जरा गाड्छ भन्ने कुरा राजतन्त्रका पक्षधर मानिसको ताँती हेर्दा थाहा हुन्छ । अहिले राजतन्त्रको भूत सलबलाएको र त्यसले जनमनलाई भाँड्न खोजेको कुरा नै यसको एउटा प्रमाण हो । आफ्नो वर्ग पक्षधर अपसंस्कृतिलाई सदियौँदेखि जनतालाई लठ्ठ पार्दै प्रचार गरेर राजतन्त्रले गुमराहमा पारेको हो । जनताको सेवा गरेर होइन उल्टो आम श्रमजीवी जनतालाई चरम शोषण उत्पीडन गरेर पनि सामन्तवादले आम जनतालाई आफ्नू परम भक्त बनाएको स्पष्ट हुन्छ ।

यस काममा राजतन्त्रले वर्ग पक्षधर पण्डित, पुरोहित र सर्जक र कलाकारलाई बहुआयामिक रूपमा परिचालन गऱ्यो तर, यसलाई शिक्षाका रूपमा लिएर जनपक्षीय पार्टी शक्ति र सत्ताले भने विषयगत विज्ञ जनलाई पूरै बेवास्ता गरेको देखिन्छ । निर्दलीय निरंकुश राजशाही पञ्चायती व्यवस्थाले समेत विभिन्न राष्ट्रिय स्तरका कार्यक्रमहरूमा बौद्धिक जनलाई अतिथि वक्ताका रूपमा परिचालन गर्ने गर्थ्यो । तर, अझै प्रगतिशील बौद्धिक प्राज्ञिक जन सर्वथा उपेक्षित देखिन्छन् । जनसत्ता शक्ति र संस्कृतिको संरक्षणको दायरा जति फराकिलो पार्ने हो भने सांस्कृतिक रूपान्तरणलाई सशक्त बनाउने हो भने विषयगत विज्ञहरूलाई राष्ट्रव्यापी रूपमा परिचालित गर्नुपर्छ । आफैं मात्र जान्ने भन्ने अहंककारी चेत अझै सबल बनिरह्यो भने प्रतिगामी शक्ति कमजोर हुने छैन ।

सामन्तवादले वा राजतन्त्रले धार्मिक सामाजिकलगायत अनेकन रूढीलाई जनमनमा जब्बर बनायो, जनमनलाई अत्यन्त विषाक्त मैलो बनायो । मनको मैलो साबुनले धोएर किमार्थ सफा हुँदैन । यसका लागि बारबार र हजार बार चिन्तन, मनन, विचार, विमर्श गरिरहनु पर्छ । तर, अग्रगामी पार्टी र नेता देशको आर्थिक र भौतिक विकासले मात्र जनता जनसेवक सरकारका पक्षमा प्रतिबद्ध हुन्छन् भन्ने चरम भ्रममा रहेको देखिन्छ । गणतन्त्रलाई स्थापित र विकसित गर्न यसप्रति मनमस्तिष्कबाटै प्रतिबद्ध बनाउन तदनुसारको संस्कृतिको विकास गर्नै पर्छ ।

एमालेका स्थायी समिति सदस्य कर्ण थापाले एक टेलिभिजन अन्तर्वार्तामा अहिले जनतामा उत्पन्न असन्तुष्टि हाम्रै कारण भएको हो भनेका रहेछन् । उनको मतलब एमाले पार्टी र यसको नेतृत्वमा बनेको सरकारले अझै धेरै काम गर्नुपर्थ्यो, गर्न सकेन भन्ने रहेको थियो । यस कुरालाई सुस्पष्ट पारेर उनले भनेनन् । एमाले सरकारले पूरा अवधि शासन गर्न पाएको भए, अरू विकासका ठोस वा परिणाममुखी काम हुन्थ्यो भन्नुपर्थ्यो र उनले २० वर्षको अवधि व्यक्तिका लागि धेरै महत्वपूर्ण समयावधि हो तर देशका लागि १० वर्ष १० दिन बराबर हो भन्ने यथार्थ उल्लेख गर्नुपर्थ्यो । रातारात उद्योगधन्दा कल कारखाना रोजगारी पाउन र दिन सकिन्न भन्ने कटु यथार्थ थापाले उल्लेख गर्नु पर्थ्यो । कतिपय नेताका अन्तर्वार्ता सुन्दा पनि भारी सरम हुन्छ । पत्रकारले सोधेका प्रश्नलाई समेत घुमाएर उपयुक्त र सटिक जवाफ दिन सकिन्छ भन्ने सम्मको ध्यान दिएको देखिन्न ।

एमालेको विगत ओली सरकार पूरा अवधिसम्म रहेको भए नमुनाका लागि भए पनि सप्तकोसी नदीमा पानी जहाज सञ्चालन हुन्थ्यो । ग्याँस चुल्हा पनि उदाहरणका लागि कुनै वडा वा टोलमा सरकारले सुरु गर्थ्यो । नभन्दै झापा जिल्लाको अमुक टोलका घरघरका चुल्हा चुल्हामा ग्याँस पुऱ्याउने तयारी सुरु गरेको समाचारमा हालै आएको थियो । दमकमा ३०० बिघा जग्गामा चीनको सहयोगमा औद्योगिक ग्राम निर्माण गरी त्यहाँबाट उत्पादित उपकरणहरू दमककै बिजनेस टावरमा जम्मा गरेर विक्री वितरण गर्ने कुराको समेत जानकारीका अभावमा धेरैजसो कार्यकर्ता र नेता अलमलिएको देखिन्छ । यही संयुक्त सरकारमा रहेर गरेका कामहरू बहुआयामिक तथा कलात्मक रूपमा जनसमक्ष प्रवाह गर्ने हो सत्य जनसमक्ष उजागर हुन्थ्यो । जबजअनुसार धार्मिक सांस्कृतिक र संस्कारजन्य अनेक अन्धविश्वास र रूढीवादविरूद्ध सुधार आन्दोलन नगर्दा राजतन्त्रको भूतले तर्साएको हो । अझ जबजमा सामन्तवादी सांस्कृतिक अवशेष क्रमशः हटाउँदै जानुपर्ने कुरामा जोड दिएको देखिन्छ । यस्ता आधारभूत अत्यन्त महत्वपूर्ण तथा संवेदनशील विषयमा शून्य चेतका कारण प्रतिगमनकारी शक्ति हौसिएको हो ।

रुसमा सुरुसुरुमा धर्मप्रति प्रतिबन्ध लगाइयो, तर अर्को समयमा प्रतिबन्ध खुल्ला गर्दा अत्यधिक नेता र कार्यकर्ताहरू चर्च मठ मन्दिरमा लामो लस्करमा लागेका थिए । मन मस्तिष्कमा जरा गाडेको पछौटे चिन्तन र विचार प्रतिबन्ध लगाएकै भरमा हटाउन सकिन्न । जननेता मदन भण्डारी नौरथामा सुरुसुरुमा मन्दिरमा गएर चण्डी पाठ गर्नुहुन्थ्यो, तर मार्क्सवादी चेत चिन्तन र गम्भीर मनन गरेर उहाँले पछौटे आफूभित्र जरा गाडेको पछौटे चिन्तन आफैँले हटाउनु भयो । पार्टीमा आबद्ध भएर मात्र नेता र कार्यकर्ता अग्रगामी देखिनु वा गणतन्त्रवादी हुनु र राम्ररी मनन र चिन्तन गरेर अग्रगमन प्रति दृढ हुने कुरामा आकाश जमिनको फरक हुन्छ । जरा अभियानलगायत औपचारिक र अनौपचारिक छलफल गर्दा अगुवा कार्यकर्तामा गणतन्त्रको बोधमा निक्कै समस्या देखियो । त्यसैले गणतन्त्र दिवस र प्रजातन्त्र दिवस जस्ता अवसरमा यससम्बन्धी अर्थ आशय बेलिबिस्तारपूर्वक उल्लेख गर्दा ज्ञान विस्तारित हुन्थ्यो । माओले भनेझैं सिक्न पनि कहिल्यै नथाक्नु र सिकाउन पनि नथाक्नु भनेझैं गरेर फुर्सदको समयमा फेस बुकमा मात्र रमाउनु भन्दा दुई कुरा कार्यकर्तालाई भन्दा र सुन्दा ज्ञान विस्तार हुन्थ्यो होला ।

नेकपा स्थापना कालदेखि नै जनगणतन्त्र पक्षधर रहेको थियो । तर, त्यसका लागि सुरमा राणा शासन अनि निर्दलीय निरंकुश पञ्चायती शासनहरू ठूला अवरोधका रूपमा थिए । राजनीतिक रूपमा भिन्न मत भएकाहरू सित सहकार्य गरेर भए पनि ती अवरोध क्रमशः हटाइयो । जनपक्षीय उम्मेदवार बनेर पञ्चायतभित्र पसेर पञ्चायतको अन्तर्ध्वंश गर्ने मदनको विचारलाई सुरूमा कुनै नेताले पटक्क मानेनन् । तर, पञ्चायतको भुँडीभित्र पसेर लात्तीले हानेर पञ्चायतको अन्तर्ध्वंश गर्नुपर्छ भनेर मदनले घैँटामा घाम लाग्ने गरी सम्झाएर अग्रगमनको यात्रा सुरु भएको हो । नेतामा जुनसुकै जस्तासुकै अठार वक्र नेता र कार्यकर्तालाई सम्झाउने ल्यागत र तागत हुनुपर्छ । अप्ठ्यारो प्रश्न गर्दा रिसाउने नेता के नेता ? जबजअनुसारको सच्चा नेता हो भने जस्तोसुकैलाई गलाउने क्षमता र लुर हुन्छ । पदीय उच्चताले मात्र नेता भइन्न ।

पार्टीले लोकतान्त्रिक गणतन्त्र कालमा प्रवेश गर्न पनि धेरै ठूलो लगानी गरेको छ । यही आधारमा टेकेर मात्र जबजअनुसार नेपाली विशेषता समाजवादको आधारशिला तयार गर्न सकिन्छ । राजनैतिक अधिकारमा केन्द्रित यही पुँजीवादी गणतन्त्रलाई समृद्ध बनाउनु पर्छ र यसलाई समाजवादको दिशातिर एमालेले डोऱ्याउनु पर्ने हुन्छ । यसैमा रमाउने र मक्ख पर्ने भन्ने सवाल पार्टीको होइन । यो गणतन्त्र समाज विकासको माथिल्लो चरण हो । गणतन्त्रका विरुद्ध लाग्नु अविरल बग्ने इन्द्रावतीलाई थुन्नु छेक्नु सरहको दुस्साहस हो । यसलाई कुनै पनि सचेत मानिसले समर्थन गर्न सक्दैन ।

कबिला युग, दास र सामन्ती व्यवस्था हुँदै जनताको लामो त्याग, समर्पण र बलिदानबाट यो प्रणाली वा व्यवस्था प्राप्त भएको हो । यो सामन्तवाद वा राजतन्त्रभन्दा धेरै उच्च शासन व्यवस्था हो । यस व्यवस्थामा स्थापित नीति, विधि, पद्धति र प्रणालीले ढिलो चाँडो जोसुकै जतिसुकै माथिल्लो तहको भ्रष्टलाई कानुनी कार्यवाही गर्ने प्रावधान हुन्छ । यही कारणले भारतीय भूतपूर्व प्रधानमन्त्री नरसिंह राव, टोपबहादुर रायमाझी, खुमबहादुर खड्का र गोविन्दराज जोशीलगायत जेल पुगेका हुन् । गणतान्त्रिक व्यवस्थामा हरेक विकृति विसङ्गति विरुद्ध प्रतिवाद, प्रतिकार गर्ने वैधानिक व्यवस्था हुन्छ । राजतन्त्रमा हुँदैन ।

त्यसैले यो उन्नत स्तरको तुलनात्मकरूपमा अग्रगामी व्यवस्थालाई उल्ट्याउन खोज्नु सरासर प्रतिगामी सोच हो । नाकबाट सिँगान आउँछ भनेर नाक काट्न मिल्दैन । यति सामान्य विचार र चिन्तन प्रवाह नगरी गणतन्त्र दिवस मनाउनुको अर्थ के हुन्छ ? र, दिन सकिन्छ कार्यक्रम गरे पछि त्यसले के परिणाम दिन्छ भन्ने कुरा पटक्क ख्याल नगरेपछि यस्ता कार्यक्रमको औचित्य कसरी स्थापित हुन्छ ?

*(लेखक, मदन भण्डारी फाउन्डेसनका केन्द्रीय सदस्य हुन् ।)*

## इतिहासमा आज

९ जुन १९७२ मा भारी वर्षाका कारण साउथ डकोटाको ब्ल्याक हिल्समा रहेको बाँध फुटेको थियो । जसले २३८ जनाको मृत्यु भयो भने १६ करोड डलरको क्षति भएको थियो ।



९ जुन १९७९ मा अष्ट्रेलियाको सिड्नीको लुना पार्कमा रहेको घोस्ट ट्रेनमा आगलागी हुँदा ७ जनाको मृत्यु भएको थियो ।



९ जुन २००८ मा अल्जेरियाको अल्जियर्स नजिकैको रेलवे स्टेशनमा २ वटा बम विस्फोट हुँदा कम्तिमा १३ जनाको मृत्यु भएको थियो ।



९ जुन २००९ मा पाकिस्तानको पेशावरको एक होटलमा विस्फोट हुँदा १७ जनाको मृत्यु भएको थियो भने कम्तिमा ४६ जना घाइते भएका थिए ।



## सामाजिक सञ्जाल



कृष्ण धारावासी

मार्क्सवाद, लेनिनवाद, माओवाद विचारधाराबाट माले हुँदै, एमाले हुँदै, जनताको बहुदलीय जनवाद हुँदै निरन्तर स्तरोन्नतिको पराकाष्टमा पुग्दा 'झोले'मा पुगेछन् कमरेडहरू । सायद यो नै सबैभन्दा पछिल्लो २१औं शताब्दीको नेपाली द्वन्द्वात्मक भौतिकवादी चिन्तन हुनुपर्ला । जय 'झोले' सलाम ।



सुबोध प्याकुरेल

खै कुरा बुझिएनः मन्त्रीपरिषद्ले गरे जति सबै निर्णय नीतिगत हुने हो र ? के मालुम ! लुट्ने, पिट्ने, ढाँट्ने निर्णय गरे त्यो समेत नीतिगत नहुनु पर्ने । अपराध र भ्रष्टाचार वित्तीय मात्र त हुँदैन । मलाई लाग्छ, हाम(राम)देवको भारतीय दबाब र वरपरकाको साखुल्लेले कमरेड माधवलाई चिप्ल्यायो । चिप्लिएपछि ?



निर्मल प्रसाइँ

अहिलेको सरकारले नक्कली भुटानी शरणार्थी, भिजिट भिसा, गिरीबन्धु, छानबिन गर्दैन । बस भेप सुन, शेरा दरबार, एनसेल करछली, नक्कली लडाकु, १७ हजार हत्या, सहकारी, पतञ्जलि, मात्रै छानबिन गरेर जेल कोचे हुन्छ । अर्को सरकारले गर्छ भुटानी, भिजिट र गिरीबन्धु । ग्याङवार ।



मोहन कुमार श्रेष्ठ

प्रतिगामी शक्तिहरू सलबलाइरहेको बेला छ- सभामुख घिमिरे । दलीय आबद्धतामा नरहेका सभामुखको राजसंस्थावादी आन्दोलन लक्षित टिप्पणी अनुचित छ । सभामुख पद राजसंस्थावादीहरूले पनि मर्यादा गर्ने पद हो । अभिव्यक्तिमा पदीय गरिमा झल्केको राम्रो । छुद्र अभिव्यक्तिका लागि त दलका नेताहरू नै परिचित छन् ।

# राजनीतिमा शुद्धीकरणको खोजी

विचार



● सन्दीप पनेरू

*शुद्धीकरण कुनै एकपटकको अभियान होइन, यो निरन्तर चलिरहने प्रक्रिया हो । किनभने सत्ता र शक्ति सधैँ प्रलोभनका केन्द्र हुन् । जसले जसरी शासन गर्छ, उसले समय समयमा आफूलाई मूल्यांकन गर्नुपर्छ...*

राजनीति जनताको प्रतिनिधित्व गर्ने एउटा अत्यन्तै संवेदनशील र जिम्मेवार माध्यम हो । यसले शासन व्यवस्थाको दिशा निर्धारण गर्छ, समाजको समग्र विकास र जनताको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्छ । तर, जब राजनीति सत्ताको खेल मात्र बन्न जान्छ, जब जनताको हितभन्दा व्यक्तिगत स्वार्थ हावी हुन्छ, तब राजनीति स्वयं नै कलंकित बन्छ । यही कारणले, राजनीतिमा शुद्धीकरणको खोजी समयानुकूल मात्रै होइन, अपरिहार्य बन्दै गएको छ ।

नेपाल जस्तो लोकतान्त्रिक देशमा, जहाँ दशकौं लामो संघर्षपछि जनताले सार्वभौम सत्ता स्थापना गरेका छन्, त्यहाँ राजनीतिमा शुद्धीकरणको आवाज अझ बुलन्द हुनु स्वाभाविक हो । तर यथार्थमा हेर्दा, शुद्धीकरणको नाममा आउने लहरहरू पनि आत्मप्रदर्शनमा सीमित देखिन्छन् । नेताहरूले स्वच्छता र निष्ठाको भाषण दिन्छन्, तर त्यही भाषण दिनेमध्ये धेरैजसो आफैं भ्रष्टाचार, अवसरवादिता र राजनीतिक अपराधमा लिप्त पाइन्छन् । यस्तो अवस्थाले राजनीतिमा शुद्धीकरणको धारणा नै कमजोर बनाउँछ ।

राजनीतिक शुद्धीकरण भन्नाले केवल भ्रष्टाचार नहुनु मात्र होइन, सोच, व्यवहार र कार्यशैलीमा नै परिवर्तन हुनु हो । जबसम्म विचारमा नै इमानदारी, सार्वजनिक उत्तरदायित्व र नीतिगत स्थिरता हुन्न, तबसम्म व्यवहारमा शुद्धीकरण सम्भव हुँदैन । तर, हाम्रो राजनीतिमा सैद्धान्तिक स्पष्टताभन्दा पनि सत्ता प्राप्तिको रणनीति हावी हुन्छ । विचारधारा भन्दा गठबन्धनको गणित महत्वपूर्ण मानिन्छ । यस्तो अवस्थामा शुद्धीकरणको यात्रा निकै कठिन देखिन्छ ।

विगतमा भएका केही उदाहरणहरूले पनि शुद्धीकरणको खोजी कति जटिल छ भन्ने देखाउँछ । उदाहरणका लागि, भ्रष्टाचार विरोधी अभियान चलाउने कतिपय नेताहरू नै पछि ठूला घोटालामा मुछिएका छन् । नीतिगत सुधारका कुरा गर्नेहरू आफैंले नीतिलाई लचिलो बनाई आफ्ना कार्यकर्ता र नातेदारलाई लाभ दिलाएका छन् । यस्तो व्यवहारले जनताको राजनीति प्रतिको भरोसा गुमाउँदै लगेको छ । अनि जब जनताले राजनीति प्रतिको आशा गुमाउँछन्, तब त्यहाँ निराशा, अस्थिरता र चरमपन्थी सोच पलाउन थाल्छ ।

तर, यसो भन्दैमा राजनीतिमा शुद्धीकरण सम्भव छैन भनेर निष्कर्ष निकाल्नु न्यायोचित हुँदैन । सामाजिक चेतना बढ्दो क्रममा छ । सञ्चार माध्यमहरू सक्रिय छन् । नागरिक समाजको भूमिकामा पनि उल्लेख्य वृद्धि भएको छ । युवा पुस्ता राजनीतिप्रति बढी सचेत हुँदै गएको छ । उनीहरू विचार गर्छन्, प्रश्न गर्छन् र विकल्पको खोजीमा छन् । यो नै राजनीतिमा शुद्धीकरणको आशाको आधार हो । जब नागरिक सजग हुन्छ, जब प्रश्न गर्ने संस्कार बढ्छ, तब राजनीति पनि जवाफदेही बन्छ ।

शुद्धीकरणका लागि कानुनी संयन्त्रहरूको बलियो उपस्थिति आवश्यक छ । अख्तियार, अदालत, निर्वाचन आयोगजस्ता संस्थाहरू स्वतन्त्र, निष्पक्ष र निडर बन्न सक्नुपर्छ । कुनै नेताले कानुनभन्दा माथि हुने छुट पाउनु हुँदैन । समान रूपले कार्यान्वयन हुने कानुनले मात्र शुद्ध राजनीतिका लागि जग बसाल्न सक्छ । यसका लागि संस्थागत सुधारसँगै संस्कारगत परिवर्तन पनि आवश्यक छ ।

शिक्षा र संस्कार राजनीतिमा शुद्धीकरण ल्याउने अर्को महत्वपूर्ण आधार हो । जब एक नागरिकले आफ्ना मतको मूल्य बुझ्छ, जब उसले पार्टीको सट्टा उम्मेदवारको चरित्र, विचार र प्रतिबद्धता हेरेर मतदान गर्छ, तब मात्र राजनीतिमा सुधार सम्भव हुन्छ । पार्टीको अन्धभक्त बनेर होइन, सचेत मतदाता बनेर नागरिकले आफ्नो भूमिका निर्वाह गर्न सके राजनीतिमा पवित्रता कायम राख्न सकिन्छ ।

स्मरणीय कुरा के हो भने, शुद्धीकरण कुनै एकपटकको अभियान होइन, यो निरन्तर चलिरहने प्रक्रिया हो । किनभने सत्ता र शक्ति सधैं प्रलोभनका केन्द्र हुन् । जसले जसरी शासन गर्छ, उसले समय समयमा आफूलाई मूल्यांकन गर्नुपर्छ । जनताले पनि समय समयमा नेताहरूको हिसाब माग्नुपर्छ । जिम्मेवारीको संस्कार जब राजनीतिक जीवनको मूलभूत मान्यता बन्छ, तब मात्र शुद्ध राजनीति सम्भव हुन्छ ।

राजनीतिमा शुद्धीकरणको खोजी केवल भाषणमा सीमित नभई व्यवहारमा परिणत हुन सक्नुपर्छ । यसका लागि सत्तामा पुगेकाहरूले नमूना प्रस्तुत गर्नुपर्छ । जब शीर्ष तहमा निष्ठा र इमानदारी देखिन्छ, तब त्यो नै तल्लो तहमा प्रेरणा बन्न सक्छ । जनप्रतिनिधिहरूले आफूलाई जनताको सेवक ठानेर काम गरे, जनताले पनि राजनीति प्रतिको विश्वास पुनः निर्माण गर्न सक्छन् ।

निष्कर्षमा भन्दा, राजनीतिमा शुद्धीकरण कुनै चमत्कारिक कार्य होइन । यो जनताको निरन्तर सचेतता, नेताहरूको आत्मसमिक्षा, संस्थाहरूको सुदृढता र समाजको समग्र चेतनास्तरको परिणाम हो । परिवर्तनको अपेक्षा गर्नु स्वाभाविक हो, तर परिवर्तनको बीउ आफैंबाट रोप्न सक्नुपर्छ । राजनीतिमा शुद्धता चाहने हो भने, नागरिक, नेता र संस्था सबैले आ-आफ्नो ठाउँबाट सजग र उत्तरदायी हुन आवश्यक छ । शुद्ध राजनीति भनेको केवल लक्ष्य होइन, त्यो लोकतन्त्रको जीवनदायिनी मूल्यमान्यता हो – जसलाई बचाउन हामी सबैले मिलेर प्रयास गर्नुपर्छ ।

# १२ कोठे सुविधा सम्पन्न स्वास्थ्य चौकी भवन शिलान्यास

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २५ जेठ

रौतहटको फतुवा बिजयपुर नगरपालिकाको वडा नम्बर ५, सन्तपुर दोस्तियामा १२ कोठे सुविधा सम्पन्न आधारभूत स्वास्थ्य चौकी भवनको शिलान्यास गरिएको छ । नगरपालिकाकी कार्यवाहक मेयर अम्बेया खातुनले उक्त भवनको शिलान्यास गर्दै स्थानीय जनताको बहुप्रतीक्षित माग पूरा हुने विश्वास व्यक्त गरिन् ।

वडामा पहिलोपटक स्वास्थ्य चौकी स्थापनासँगै भवन निर्माण कार्य सुरु भएपछि स्थानीयवासीमा उत्साह र खुसी देखिएको छ । शिलान्यास कार्यक्रममा बोल्दै कार्यवाहक मेयर खातुनले जनताको आधारभूत आवश्यकता स्वास्थ्य सेवा भएकाले यस क्षेत्रमा गुणस्तरीय सेवा पुऱ्याउने आफ्नो प्रतिबद्धता दोहोऱ्याइन् । उनका अनुसार विगतमा सामान्य स्वास्थ्य समस्याका लागि समेत स्थानीय बासिन्दालाई चपुर, गौर, वीरगञ्ज, भरतपुर वा काठमाडौंतर्फ धाउनुपर्ने बाध्यता थियो । अब आफ्नै वडामा स्वास्थ्य सेवा उपलब्ध हुने भएपछि यस्तो समस्या अन्त्य हुने विश्वास लिइएको छ ।

भवन निर्माणका लागि मधेश प्रदेश सरकारले विशेष बजेटअन्तर्गत ३० लाख रुपैयाँ विनियोजन गरेको छ । चार कट्ठा जग्गा निःशुल्क दान गरेर अस्पताल निर्माणका लागि महत्वपूर्ण योगदान दिने स्थानीय समाजसेवी मोहम्मद सेराजलाई कार्यक्रममा सम्मान गरिएको थियो । शिलान्यास कार्यक्रममा वडाध्यक्ष, विभिन्न जनप्रतिनिधि, प्रधानाध्यापक, स्वास्थ्यकर्मी र स्थानीय समुदायका प्रतिनिधिहरूको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यवाहक मेयर खातुनले उपभोक्ता समितिलाई निर्माण कार्य गुणस्तरीय र समयमा सम्पन्न गर्न निर्देशन दिइन् । स्वास्थ्य सेवा प्रवाहमा नयाँ युगको सुरुवात हुने अपेक्षासहित आयोजना अघि बढाइएको बताइएको छ ।



## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **एच. आर. इन्टरनेशनल प्रा. लि. इजाजत पत्र न. १४९१/०७४/०७५** मा कार्यरत कर्मचारी उमाराज कटुवाल, नागरिकता नं ०९१०३६-१६७, घर दलगाउँ गा.वि.स. वडा नं.-३ भोजपुर हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

H.R. International Pvt. Ltd. Gov. Lic No. 1491/074/075
Maharajgunj, Kathmandu, Nepal. Tel:- 01-4375807, Email: info@hr-intlnpl.com

## यूएईमा रोजगार

कम्पनी : **BEST FACILITY MANAGEMENT LLC** शहर: **UAE**
पूर्व स्वीकृत मितिः २०८२/०२/२५ चलानी नं.: ६०२३९२९० LT. No.:325360

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Admin Office Clerk | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1500 | ५५८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner Female | 0 | 6 | | 1000 | ३७२२० | | | | | | | |
| 3. | Finishing Carpenter | 0 | 2 | | 1300 | ४८३८६ | | | | | | | |
| 4. | Steal Fixer | 6 | 0 | | 1300 | ४८३८६ | | | | | | | |

कम्पनी : **STAR SERVICES FACILITY MANAGAEMENT LLC** शहर: **ABU DHABI**
पूर्व स्वीकृत मितिः २०८२/०२/२५ चलानी नं.: ६०२३९२८९ LT. No.:325359

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 43 | 0 | स. काममा दक्ष | 1000 | ३७,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २ गते (16 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**M.B. HUMAN RESOURCE PVT. LTD.** श्रम इजाजत पत्र नं.: १५०४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 4016801, Fax : 4016804 | E-mail : admin@mbmanpower.com.np
Web.: www.mbmanpower.com.np | Mobile No.: 9814067324, 9849362405, 9851168891, 9841374012

## लक्ष्मी सनराइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०२/२६

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको विभिन्न शिर्षकमा आधारित बिना धितोका कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी तथा जमानतकर्तालाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी लगायत सम्वन्धित सवै पक्षलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।
उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने पक्षहरुलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने तथा प्रचलित कानून बमोजिम कर्जा असुल उपर गरी लिने लगायत सम्बन्धित पक्षको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

तपसिल

**शाखा कार्यालय : मिर्चैया, सिराहा**

| क.स. | विवरण | नाम | ना.प्र.प.नं. | बाबु/पति | बाजे/ससुरा | ठेगाना |
|---|---|---|---|---|---|---|
| १ | **ऋणी** | शान्ती देवी मण्डल | १५३०६७/११५ | सुखदेव मण्डल/राम शरन मण्डल | सियालाल मण्डल | सिरहा - २१, पिपरा |
| | **जमानतकर्ता *** | सोसिल कुमार मण्डल | १५१०६७/२४ | राम शरन मण्डल | सियालाल मण्डल | सिरहा - २१, पिपरा |
| २ | **ऋणी** | कलस देवी महरा | १५३०९१/१२०७ | विन्दे महरा | झौली चमार | मिर्चैया - ९, सिराहा |
| | **जमानतकर्ता *** | विन्दे महरा | ७२७२३५९१ | झौली चमार | रुपन महरा | मिर्चैया - ९, सिराहा |
| ३ | **ऋणी** | कबिता कुमारी राम | १५१०९०-१८३२५ | जगत मोचि | राम कृपाल महरा | रामनगर मिर्चैया - ५, सिरहा |
| | **जमानतकर्ता *** | रमा भगत महरा | १५१०९०/३७६८ | राम कृपाल महरा | जिवछ महरा | रामनगर मिर्चैया - ५, सिरहा |
| ४ | **ऋणी** | मूतरमा रोसन | १५२०१६-१७८५३ | जमुन मिया/मो अजिजूल | कुसुम मिया | नरहा - ३, सिरहा |
| | **जमानतकर्ता *** | मो अजिजूल | १५२०१६-७४१ | कुसुम मिया | सफिक मियाँ | नरहा - ३, सिरहा |
| ५ | **ऋणी** | मरनी देवी | १५३०९६/३२८ | सने सदा/हिरा लाल सदा | गुलटेन सदा | राधोपुर - ७, सिरहा |
| | **जमानतकर्ता *** | हिरा लाल सदा | ६२३२/४३७ | गुलटेन सदा | बसुदेव सदा | राधोपुर - ७, सिरहा |
| ६ | **ऋणी** | राधेश्याम महरा | २०८३३५६३ | हिर देव चमार | बिलटु महरा | मिर्चैया - ४, सिराहा |
| | **जमानतकर्ता *** | अजय कुमार महरा | १५-०१-७५-०८८९३ | राधेश्याम महरा | हिर देव चमार | मिर्चैया - ४, सिराहा |
| ७ | **ऋणी** | कन्चो देबि सदा | १५३०२२-३५५ | जतन मुसहर/जुगुत लाल सदा | रबिया सदा | कल्याणपुर - ८, सिराहा |
| | **जमानतकर्ता *** | बिनोद सदाय | १५-०१-७०-०२८०४ | जुगुत लाल सदा | रबिया सदा | कल्याणपुर - ८, सिराहा |
| ८ | **ऋणी** | रघुनाथ साह | १५३०९१-८६ | प्रमेश्वर साह | बालकन साह | मिर्चैया - ९, सिरहा |
| | **जमानतकर्ता *** | चन्दन कुमार साह | १५-०१-७६-००९३३ | रघुनाथ साह | प्रमेश्वर साह | मिर्चैया - ९, सिरहा |
| ९ | **ऋणी** | बिनेखा देवी मोचि चमार | १५-०१-७५-०२९८२ | मुसहरु मोचि चमार/बिजय महरा | राजीन्दर चमार | अर्नामा - २, सिराहा |
| | **जमानतकर्ता *** | बिजय महरा | १५१०५६-११३-४९३९ | राजीन्दर चमार | रविटा महरा | अर्नामा - २, सिराहा |
| १० | **ऋणी** | बिरेन्द ठाकुर | ८८३९४६८८/८७९३ | परसुराम ठाकुर | उचित ठाकुर | सिरहा - ७, सिरहा |
| | **जमानतकर्ता *** | विध्यानन्द ठाकुर | १५-०१-७८-१३६५२ | बिरेन्द ठाकुर | परसुराम ठाकुर | सिरहा - ७, सिरहा |
| १२ | **ऋणी** | सैदा कुमारी | ८००/१/५२५६ | मगदुम साह मिया/नजरुल साह | रहमान साह | नरहा - ३, सिरहा |
| | **जमानतकर्ता *** | मो सरफराज मिया | १५-०१-७६-००४०४ | नजरुल साह | रहमान साह | नरहा - ३, सिरहा |
| १३ | **ऋणी** | रामप्रसाद ठाकुर | २५७४-२७३२ | महेन्द्र ठाकुर | दिलचन ठाकुर | सिरहा - २, सिरहा |
| | **जमानतकर्ता *** | लाले ठाकुर | ८२३२-६३ | रामप्रसाद ठाकुर | महेन्द्र ठाकुर | सिरहा - २, सिरहा |
| १४ | **ऋणी** | सेमो देबि पासमान | १५-०१-७१-०२७७२ | जोगिन्द्र पासमान | उतम पासमान | गोलबजार न.पा. - १३, सिराहा |
| | **जमानतकर्ता *** | प्रमोद कुमार पासमान | १५१०४८/१२०१५ | उतम पासमान | पुलकित पासमान | गोलबजार न.पा. - १३, सिराहा |
| १५ | **ऋणी** | बबिता कुमारी | १७-०१-७८-१००२४ | बुदि कुमार दनुवार/ललित कापर | मुनेश्वर कापर | गणेशमान चारनाथ न.पा. - ८, धनुषा |
| | **जमानतकर्ता *** | ललित कापर | १७१०४६/१९४ | मुनेश्वर कापर | रामबहादुर कापर | गणेशमान चारनाथ न.पा. - ८, धनुषा |
| | | मुनेश्वर कापर | ५२२४६०१७ | रामबहादुर कापर | जमक कापर | गणेशमान चारनाथ न.पा. - ८, धनुषा |
| १६ | **ऋणी** | बेचनी कुमारी देवी | १७-०१-७९-१२०७६ | अभिलाल पासमान/शोशिल कुमार पासमान | गनेश पासमान | गणेशमान चारनाथ न.पा. - ८, धनुषा |
| | **जमानतकर्ता *** | गनेश पासमान | १६५२२४०५५१ | जगुवा पासमान | बिलटु पासमान | गणेशमान चारनाथ न.पा. - ८, धनुषा |
| | | शोशिल कुमार पासमान | १७१०४६/३ | गनेश पासमान | जगुवा पासमान | गणेशमान चारनाथ न.पा. - ८, धनुषा |
| १७ | **ऋणी** | परमसिला देवी | १७३०३६/१३९६ | गनौरि महरा/राज किशोर रबिदास | नथुनि महरा | मिर्चैया - ६, गणेशमान टोल सिरहा |
| | **जमानतकर्ता *** | राज किशोर रबिदास | ४७५२३२५३ | नथुनि महरा | बचुवा महरा | मिर्चैया - ६, गणेशमान टोल सिरहा |
| १८ | **ऋणी** | अङगुरी खातुन | १५-०१-७५-००४८३ | नइम मिया/मौ.असफाक नट | मजुर नट | गोलबजार - ११, सिराहा |
| | **जमानतकर्ता *** | मो असपक नट | १५-०१-७०-०७०९४ | मजुर नट | बुचु नट | गोलबजार - ११, सिराहा |
| १९ | **ऋणी** | सिकन्दर कुमार मण्डल | २१२-२९५७९ | विश्वनाथ मण्डल | जनक मण्डल | रामनगर मिर्चैया - २, सिराहा |
| | **जमानतकर्ता *** | काशिन्द्र मण्डल | १५३०९०-१७ | विश्वनाथ मण्डल | जनक मण्डल | हाल मिर्चैया - ४, सिराहा |
| २० | **ऋणी** | निर्मला कुमारी महरा | १५३०८९/६८ | सहलाल चमार/संजय कुमार महरा | राजेश्वर महरा | कर्जान्हा - ९, सिराहा |
| | **जमानतकर्ता *** | संजय कुमार महरा | १५१०८९/४४४४ | राजेश्वर महरा | मलहु महरा | कर्जान्हा - ९, सिराहा |
| २१ | **ऋणी** | चन्द्रकला राम | १५-०१-७४-०४२५४ | रास लाल चमार/रामचन्द्र राम | बिलेछना चमार | धनगढिमाई - ९, सिराहा |
| | **जमानतकर्ता *** | राम चन्द्र राम | १५१०७६/३९२५ | बिलेछना चमार | सुबधा चमार | धनगढिमाई - ९, सिराहा |
| २२ | **ऋणी** | राम विलाष पासमान | १९२३/४३६९ | जयलाल पासमान | नैवेत पासमान | मिचया - ६, सिराहा |
| | **जमानतकर्ता *** | ओम प्रकाश पासमान | १५-०१-७७-०५५६० | राम विलाष पासमान | जयलाल पासमान | मिचया - ६, सिराहा |
| २३ | **ऋणी** | अकिला खातुन | १५-०१-७०-१३६३८ | मो.अकबर मोमिन/मो. समिम हुसैन | जनिक मिया | नराहा - ३, सिराहा |
| | **जमानतकर्ता *** | मो. समिम हुसैन | १५-९८३/२२६६५ | जनिक मिया | मित्रैली मिया | नराहा - ३, सिराहा |
| २४ | **ऋणी** | शर्मिला देवी महरा | १५-०१-७४-०९१८४ | भकु महरा/शिव कुमार चमार | जुगवा चमार | कल्याणपुर - ८, सिराहा |
| | **जमानतकर्ता *** | शिव कुमार चमार | ८५४०५५३६/२०९९ | जुगवा चमार | सुनरा चमार | कल्याणपुर - ८, सिराहा |

*** तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो ।**

**नोट :** ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मितिः २०८२/०२/२६**

यस बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणी तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**शाखा कार्यालयः कोल्हवी**

**१. ऋणीको नाम र ठेगाना**

**ऋणीको नाम : श्री पूजा खाधान्न सप्लार्यस**
रजिष्टर्ड ठेगाना : कोल्हवी - ८, बारा
रजिष्ट्रेसन नं. : १०७९/०६५/६६ (नेपाल सरकार, उधोग वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारा)
दर्ता मिति : २०६५/१२/२४
पान नं. : ३०१५३०५३०

**फर्मको प्रोप्राइटरको नाम र ठेगाना**

श्री राम स्वरुप साह कलवारको नाती, श्री लक्ष्मी प्रसाद कलवारको छोरा, श्रीमती धनमन्ती देवी कलवारनीकी पती मधेश प्रदेश, बारा जिल्ला दहियार गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, बारा जिल्ला, कोल्हवी न.पा. वडा नं. ०१ बस्ने **श्रीनारायण प्रसाद जैसवाल** (ना.प्र.प.नं. २०५५/२९७३, जारी मिति २०४३/०३/२३, जि.प्र.का. बारा) ।

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री राम स्वरुप साह कलवारकी बुहारी, श्री मायाराम सा कलवारकी छोरी, श्रीनारायण प्रसाद जैसवालकी पत्नी मधेश प्रदेश बारा जिल्ला दहियार गा.वि.स वडा नं. ७ भई हाल मधेश प्रदेश, बारा जिल्ला कोल्हवी न.पा वडा नं. १ बस्ने श्रीमती **धनमन्ती देवी कलवारनी** (ना.प्र.प.नं. २४७४/५६४, जारी मिति २०४५/०२/१०, जि.प्र.का. बारा) ।
२. श्री राम स्वरुप साह कलवारको नाती, श्रीनारायण प्रसाद जैसवालको छोरा, गुडिया जयसवालको पती मधेश प्रदेश बारा जिल्ला दहियार गा.वि.स वडा नं. ७ भई हाल मधेश प्रदेश, बारा जिल्ला कोल्हवी न.पा वडा नं. १ बस्ने श्री **पपु जयसवाल** (ना.प्र.प.नं. ३३१०३७/२१६९८, जारी मिति २०६८/०८/११, जि.प्र.का. बारा) ।
३. श्रीनारायण प्रसाद जैसवालकी बुहारी, श्री उपेन्द्र कुमार जैसवालकी छोरी, श्री पपु जयसवालकी पत्नी मधेश प्रदेश बारा जिल्ला महागढीमाई न.पा वडा नं. ५ भई हाल मधेश प्रदेश, बारा जिल्ला कोल्हवी न.पा वडा नं. १ बस्ने श्रीमती **गुडिया जयसवाल** (ना.प्र.प.नं. ३३-०१-७९-०९७८०, मिति २०७९/०८/२०, श्री जि.प्र.का. बारा) ।
४. श्रीनारायण प्रसाद जैसवालकी बुहारी, श्री बैधनाथ प्रसाद साहकी छोरी, श्री पवन जयसवालकी पत्नी मधेश प्रदेश बारा जिल्ला महागढीमाई न.पा वडा नं. ५ भई हाल मधेश प्रदेश, बारा जिल्ला कोल्हवी न.पा वडा नं. १ बस्ने श्रीमती **प्रिती जयसवाल** (ना.प्र.प.नं. ३३-०१-७८-०८९१८, जारी मिति २०७८/०८/०८, जि.प्र.का. बारा) ।
५. श्री राम स्वरुप साह कलवारको नाती, श्रीनारायण प्रसाद जैसवालको छोरा, श्रीमती प्रिती जयसवालको पती मधेश प्रदेश बारा जिल्ला दहियार गा.वि.स वडा नं. ७ भई हाल मधेश प्रदेश, बारा जिल्ला कोल्हवी न.पा वडा नं. १ बस्ने श्री **पवन जयसवाल** (ना.प्र.प.नं. ३३१०३७/४२१०५, जारी मिति २०७०/०७/२६, जि.प्र.का. बारा) ।

**२. ऋणीको नाम र ठेगाना**

**ऋणीको नाम : श्री पपु किराना स्टोर**
रजिष्टर्ड ठेगाना : कोल्हवी नगरपालिका- ३, बारा
रजिष्ट्रेसन नं. : ५३५९/०७३/७४ (नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारा)
दर्ता मिति : २०७३/१२/०६
पान नं. : ६०५८५२०९५

**फर्मको प्रोप्राइटरको नाम र ठेगाना**

श्री राम स्वरुप साह कलवारको नाती, श्रीनारायण प्रसाद जैसवालको छोरा, गुडिया जयसवालको पती मधेश प्रदेश बारा जिल्ला दहियार गा.वि.स वडा नं. ७ भई हाल मधेश प्रदेश, बारा जिल्ला कोल्हवी न.पा वडा नं. १ बस्ने श्री **पपु जयसवाल** (ना.प्र.प.नं. ३३१०३७/२१६९८, जारी मिति २०६८/०८/११, जि.प्र.का. बारा) ।

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री राम स्वरुप साह कलवारकी बुहारी, श्री मायाराम सा कलवारकी छोरी, श्रीनारायण प्रसाद जैसवालकी पत्नी मधेश प्रदेश बारा जिल्ला दहियार गा.वि.स वडा नं. ७ भई हाल मधेश प्रदेश, बारा जिल्ला कोल्हवी न.पा वडा नं. १ बस्ने श्रीमती **धनमन्ती देवी कलवारनी** (ना.प्र.प.नं. २४७४/५६४, जारी मिति २०४५/०२/१०, जि.प्र.का. बारा) ।
२. श्री राम स्वरुप साह कलवारको नाती, श्री लक्ष्मी प्रसाद कलवारको छोरा, श्रीमती धनमन्ती देवी कलवारनीकी पती मधेश प्रदेश, बारा जिल्ला दहियार गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल मधेश प्रदेश, बारा जिल्ला, कोल्हवी न.पा. वडा नं. ०१ बस्ने **श्रीनारायण प्रसाद जैसवाल** (ना.प्र.प.नं. २०५५/२९७३, जारी मिति २०४३/०३/२३, जि.प्र.का. बारा) ।
३. श्रीनारायण प्रसाद जैसवालकी बुहारी, श्री उपेन्द्र कुमार जैसवालकी छोरी, श्री पपु जयसवालकी पत्नी मधेश प्रदेश बारा जिल्ला महागढीमाई न.पा वडा नं. ५ भई हाल मधेश प्रदेश, बारा जिल्ला कोल्हवी न.पा वडा नं. १ बस्ने श्रीमती **गुडिया जयसवाल** (ना.प्र.प.नं. ३३-०१-७९-०९७८०, मिति २०७९/०८/२०, श्री जि.प्र.का. बारा) ।
४. श्रीनारायण प्रसाद जैसवालकी बुहारी, श्री बैधनाथ प्रसाद साहकी छोरी, श्री पवन जयसवालकी पत्नी मधेश प्रदेश बारा जिल्ला महागढीमाई न.पा वडा नं. ५ भई हाल मधेश प्रदेश, बारा जिल्ला कोल्हवी न.पा वडा नं. १ बस्ने श्रीमती **प्रिती जयसवाल** (ना.प्र.प.नं. ३३-०१-७८-०८९१८, जारी मिति २०७८/०८/०८, जि.प्र.का. बारा) ।
५. श्री राम स्वरुप साह कलवारको नाती, श्रीनारायण प्रसाद जैसवालको छोरा, श्रीमती प्रिती जयसवालको पती मधेश प्रदेश बारा जिल्ला दहियार गा.वि.स वडा नं. ७ भई हाल मधेश प्रदेश, बारा जिल्ला कोल्हवी न.पा वडा नं. १ बस्ने श्री **पवन जयसवाल** (ना.प्र.प.नं. ३३१०३७/४२१०५, जारी मिति २०७०/०७/२६, जि.प्र.का. बारा) ।

**३. ऋणीहरुको नाम र ठेगाना**

१. श्री देवी ठाकुरको नाती, श्री सतन ठाकुर हजामको छोरा, श्रीमती सुनिता देवी ठाकुरको पती बारा जिल्ला सपही गा.वि.स. वडा नं. ९ भई, हाल बारा जिल्ला कोल्हवी न.पा. वडा नं. ०४, बस्ने श्री **लक्ष्मण ठाकुर** (ना.प्र.नं. ३७१०/३०२५/१२२०१, जारी मिति २०६०/१२/२४, जि.प्र.का. बारा) ।
२. श्री सतन ठाकुर हजामकी बुहारी, श्री प्रेमलाल ठाकुर हजामकी छोरी, श्री लक्ष्मण ठाकुरकी पत्नी बारा जिल्ला सपही गा.वि.स. वडा नं. ९ भई, हाल बारा जिल्ला कोल्हवी न.पा. वडा नं. ०४, बस्ने श्रीमती **सुनिता देवी ठाकुर** (ना.प्र.नं. ३३३०२२/६६, मिति २०७०/०२/१८, जि.प्र.का. बारा) ।

**शाखा कार्यालयः धनुषाधाम, धनुषा**

**४. ऋणीको नाम र ठेगाना**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति बि.स. २०७२।११।२७ मा नेपाल सरकार उधोग मन्त्रालय घरेलु तथा साना उद्योग कार्यालय धनुषा, जनकपुरधाममा प्रा.फ.र.द.नं. ८३८९।११३।०७२।७३ अर्न्तगत दर्ता कायम भई अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजस्व कार्यालय, जनकपुरबाट स्थायी लेखा नम्बर (PAN) ६०३९६५५२८ प्राप्त गरी धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ७ मा रजिष्टर्ड ठेगाना रहेको **आलम मोटर साईकल रिपेयरिङग सेन्टर** ।

**फर्मको प्रोप्राईटरको नाम र ठेगाना**

रईमान मोमिनको छोरा, रैमुन खातुनको श्रीमान, धनुषा जिल्ला, यज्ञभुमि गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल ऐ ऐ जिल्ला धनुषाधाम न.पा. वडा नं. ७ बस्ने **कलाम अंसारी** (ना.प्र.नं. ९९५०३४२४, जारी मिति २०५७।११।२९, जि.प्र.का. धनुषा)

**जमानीकर्ताको नाम र ठेगाना**

रमजन मोमिनकी छोरी, कलाम अंसारीकी श्रीमती, धनुषा जिल्ला, यज्ञभुमि गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल ऐ ऐ जिल्ला धनुषाधाम न.पा. वडा नं. ७ बस्ने **रैमुन खातुन** (ना.प्र.नं. १७-०१-७४-०९६६०, जारी मिति २०७४।०८।१३, जि.प्र.का. धनुषा)

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER
BANK OF THE YEAR 2024
NEPAL

## Nepal Electricity Authority

**Notice Regarding Intent to Accept The Bid**

**Notice Publication Date : 2082/02/26**

| Name & Address of Office | IFB and Type of Bidding | Name & Address of Lowest Evaluated Substantially Responsive Bidder | Approval Amount With VAT |
|---|---|---|---|
| Modikhola Hydropower Station, Dimuwa, Parbat Ph.067-410042 | MKHPS-2081/82-CSQ-06 | M/S DeupurkotNirman Sewa, Parbat | NRs. 9,53,749.31 |
| | MKHPS-2081/82-CSQ-07 | M/S DeupurkotNirman Sewa, Parbat | NRs. 12,50,650.34 |
| Concrete Pole Plant Lamki Lamki, Kailali | NEA-CPPL-2081/82-ST-03 | M/S Y.K. Construction, Hetauda-04, Makwanpur | NRs. 3,71,77,000.00 |

# जयनगर–चपुर सडकखण्डमा गुणस्तरहीन मर्मत कार्य, स्थानीयले उठाए प्रश्न



सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, २५ जेठ

रौतहट जिल्लाको चन्द्रनिगाहपुरदेखि जयनगरसम्मको सडकखण्डमा हालै सम्पन्न भएको करिब २० लाख रुपैयाँको मर्मत कार्यमाथि गम्भीर प्रश्न उठ्न थालेको छ ।

मर्मत कार्य गुणस्तरहीन रहेको भन्दै स्थानीय र सरोकारवाला निकायहरूले निर्माण कम्पनी तथा सुपरिवेक्षण टोलीको भूमिकामाथि प्रश्न उठाएका हुन् ।

उक्त सडकखण्ड पूर्व–पश्चिम राजमार्गसँग जोडिएको हुँदा यहाँ दैनिक रूपमा अत्यधिक सवारी चाप रहने गर्छ । वर्षेनी खाल्डाखुल्डी देखिने यो सडकमा सतही मर्मत मात्रै हुने परिपाटीका कारण स्थानीयहरू निराश छन् । यस वर्ष पनि उस्तै प्रवृत्ति दोहोरिएको भन्दै आलोचना चर्किएको हो ।

सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरको मातहतमा शिवशक्ति निर्माण सेवाले मर्मत कार्यको जिम्मा पाएको हो । साइटमै रहेका सबइन्जिनियर सुरेश महतोले सडक 'डिफेक्ट लायबिलिटी पिरियड' अन्तर्गत परेकाले मर्मत औपचारिक रूपमा गरिएको दाबी गरे । उनका अनुसार औसतमा ०.६ वर्ग मिटर क्षेत्रमा मात्र अलकत्रा प्रयोग गरिएको छ ।

तर स्थानीयहरू भने फरक तथ्यांक प्रस्तुत गर्छन् । उनीहरूका अनुसार कतिपय स्थानमा धुलोमाथि मात्र अलकत्रा छरिएको छ, जसले केही महिनामै सडक फेरि जस्ताको तस्तै हुने संकेत देखाएको छ ।

स्थानीय पवन उपाध्यायले आगामी आर्थिक वर्षमा सडक चार लेनमा विस्तार गर्ने योजना रहे पनि हाल देखिएको सतही मर्मत कार्यले त्यस योजनामाथि नै प्रश्न उठाएको बताए । 'बजेट फ्रिज हुन नदिन जबरजस्ती खर्च गरिएको आभास हुन्छ,' उपाध्यायले भने, 'सडकमा आवश्यकता नभएका ठाउँमा समेत कालोपत्रे गरिएको छ, जुन सरासर औपचारिकता मात्र हो ।'

वर्षेनी मर्मतको नाममा सरकारी स्रोतको दुरुपयोग भइरहेको भन्दै स्थानीयहरूले आक्रोश व्यक्त गरेका छन् । पटक–पटक मर्मत हुँदाहुँदै पनि खाल्डाखुल्डी यथावत् रहनु र कामको दीर्घकालीन असर नदेखिनुले निर्माणको गुणस्तरप्रति गम्भीर शंका उत्पन्न भएको छ ।

सडक डिभिजन कार्यालयको भूमिकामाथि पनि व्यापक आलोचना भएको छ । स्थानीय अधिकारकर्मीहरूले निर्माण कम्पनी तथा सुपरिवेक्षण टोलीलाई जवाफदेही बनाउन माग गरेका छन् । उनीहरूले प्राविधिक अनुगमन अझ सशक्त र पारदर्शी बनाउन पनि जोड दिएका छन् । स्थानीयहरू अहिले सडक डिभिजन कार्यालयसँग सार्वजनिक रूपमा स्पष्टिकरण माग गरिरहेका छन् । उनीहरूले आगामी दिनमा यस्ता मर्मत कार्यलाई नियमन गर्न प्रभावकारी अनुगमन संयन्त्र विकास गर्न पनि आग्रह गरेका छन् ।

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **ब्लू ओसियान ओभरसिज प्रा.लि. इजाजत पत्र न. ८६४/०६६/०६७** मा कार्यरत कर्मचारी सुस्मिता गुरुङ, नागरिकता नं ४४-०१-७३-०६५३१, घर केराबारी-०१ गोरखा हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**ब्लू ओसियन ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ८६४/०६६/०६७
पि.ओ.बक्स: १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल फोन: ४९५१७३२, ४९६५८२६, फ्याक्स: ४३६४५७३, E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np

## जे.पी. क्लासिक इन्टरनेशनल प्रा.लि. को
### चुक्ता पुँजी घटाइएको बारे सार्वजनिक सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८२/०२/२६)**

यस सूचना मार्फत सबै सरोकारवाला महानुभावहरूलाई जानकारी गराइन्छ कि, कम्पनी जे.पी. क्लासिक इन्टरनेशनल प्रा.लि., कम्पनी दर्ता नं. ३१५८१९/०८०/०८१ ले कम्पनी ऐन, २०६३ को दफा ५८(१) बमोजिम चुक्ता पुँजी घटाउने निर्णय गरेको छ । कम्पनीको प्रारम्भमा अधिकृत पुँजी रु. ५,००,००,०००।- (पाँच करोड रुपैयाँ) र चुक्ता पुँजी ४,००,००,०००।- (चार करोड रुपैयाँ) कायम थियो । अब उक्त पुँजी घटाएर रु. २,५०,००,०००।- (दुई करोड पचास लाख रुपैयाँ) मात्र कायम गर्ने गरी मिति २०८२/०२/०५ को विशेष साधारण सभाले प्रस्ताव पारित गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यसरी घटाइएको चुक्ता पुजी कम्पनीको हालको व्यवसायिक आवश्यकतालाई मध्यनजर गर्दै गरिएको हो । कम्पनीका एकमात्र शेयरधनी श्री हरि शंकर ठाकुरलाई समायोजनपश्चात कायम रहने चुक्ता पुँजीको शेयर पुनः वितरण गरिनेछ ।

उक्त प्रक्रिया उच्च अदालत, पाटनबाट स्वीकृति प्राप्त गरी सम्पन्न गर्न लागिएको छ । सार्वजनिक सूचनाको यस प्रकाशनसँगै, यदि कसैलाई सो बमोजिमको चुक्ता पुँजी घटाउने कार्यप्रति कुनै गुनासो, आपत्ति वा दाबी भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र लिखित रूपमा कम्पनीको ठेगाना वा सम्बन्धित निकायमा जानकारी गराउन हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कानुन वमोजिम भै जाने पनि सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**जे.पी. क्लासिक इन्टरनेशनल प्रा.लि.**
**धनगढी, कैलाली, फोन नं. ९८४१२२७३२६**

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक प्रकाशन मितिः २०८२/०२/२६**

यस जमुनाफाँटा महिला सामुदायिक वन उपभोक्ता समूह बारबर्दिया न.पा. ०६, गुलरा, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको वृ सिसौ गोलिया थान ७६८ को २०३४.२० घ.फि., सिरिस (कालो/रातो) गोलिया थान २३ को १४५.६९ घ.फि., सिन्दुरे गोलिया थान १ को १.६९ घ.फि., इपिलइपिल गोलिया थान ६० को १५०.५० घ.फि.र जामुन गोलिया थान १६१ को ३१४.२५ घ.फि. काठ गरि जम्मा २६४६.३३ घ.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानकारीको लागी यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समुहको सुचना पाटीमा टाँस गरिएको छ ।

**श्री जमुनाफाँटा महिला सामुदायिक वन उपभोक्ता समुह,**
**बारबर्दिया न.पा. ०६ गुलरा, बर्दिया ।**
**मो.नं. ९८१३५४८६५२**

## दावी विरोध सम्बन्धी
## वैदेशिक रोजगार विभाग, काठमाडौंको
### सूचना

**प्रकाशित मितिः २०८२/०२/२६**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **TRIPURA EMPLOYMENT PVT. LTD.** (इ.प.नं. १०२/०५३/५४) को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा. खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित **बैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/०२/२२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम र शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम र शेयर संख्या |
|---|---|
| १. मेघ बहादुर मिक्चन - ०१ देखि ५००० सम्म<br>२. नारायण लामा - ५००१ देखि ७५०० सम्म<br>३. कपिल मिक्चन - ७५०१ देखि १०००० सम्म | १. मेघ बहादुर मिक्चन - ०१ देखि ४००० सम्म<br>२. नारायण लामा - ४००१ देखि ६००० सम्म<br>३. कपिल मिक्चन - ६००१ देखि ८००० सम्म<br>४. सागर लामा - ८००१ देखि १०००० सम्म |

## युएईमा रोजगार

कम्पनी: DUBAI MIRACLE GARDEN — शहर: UAE,DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०२/२५ — चलानी नं.: ६०२३९२८८ — L.T. No.: 325333

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 200 | 0 | स. काममा दक्ष | 900 | ३३,४९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २ गते (16 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Secure Manpower Recruitment P. Ltd.**
श्रम इजाजत नं.: ८२३/०६६/०६७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, 9802070417 | Email: documentation@smrnepal.com | Website: smrnepal.com

## बहराइनमा रोजगार

कम्पनी: ECOEDGE FACILITY MANAGEMENT WLL — शहर: MANAMA
पूर्व स्वीकृत मिति:२०८२/०२/२५ — चलानी नं.:६०२३९२७७ — LT. No.: 325297

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 8 | 5 | स. काममा दक्ष | 110 | ३९,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २ गते (16 June 2025) मा हुनेछ ।**


| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**LEADING FOREIGN RECRUITMENT PVT. LTD.**
Govt License No: 666/063/064
G.P.O. 12825, Sinamangal-09, Omnagar, Kathmandu, Nepal, Tel No.: +977-1-4111294, 9818982373, 9801814599,9810122856, 9862611542, 9860527091 Email: cvlink03@gmail.com, Web: www.leadingforeignrecruit.com

## कतारमा रोजगार

कम्पनी : ALMAYA INTERNATIONAL CO. — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/०२/२५ — चलानी नं.: ६०२३९२६८ — LT. No.:325323

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Representative | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ८२,५२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Freight Handler | 5 | 0 | | 1000 | ३७,५१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ असार २ गते (16 June 2025) मा हुनेछ ।**


| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**VASTU MANAGEMENT SERVICE PVT.LTD.**
श्रम इजाजत नं. ९२६/०६७/०६८
